शौचालयको प्रयोग गरौं, सङ्क्रमणबाट जोगिऔं

- खुला स्थानमा दिसापिसाब नगरौं,
- शौचालयमा मात्र दिसापिसाब गरौं,
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचीमिची हात धोऔं,
- हत्केलापछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तीमा २० सेकेन्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं,
- सफा कपडा वा तौलियाले हात पुछौं ।

जीवाणुलगायतको सङ्क्रमणबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com



❖ वर्ष ३७ ❖ २०८१ वैशाख ०८ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 April 20 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२८


## थरुहट क्षेत्रमा वर्षैभरि कृषि कर्म

# बझियानका खेत भने तीन महीना बाँझो

ओमप्रकाश चौधरी, सेढवा, ६ वैशाख/

पर्सा जिल्लाको गण्डक नहरदेखि उत्तर थरुहट क्षेत्रका किसानहरूले वार्षिक तीन बाली लगाउने गरेका छन् भने



थरुहट क्षेत्रमा हराभरा खेत । तस्वीरः प्रतीक

गण्डक नहरदेखि दक्षिण बझियान क्षेत्रका किसानहरूले वार्षिक दुई बाली लगाउँछन् ।

गण्डक नहरदेखि उत्तर ठोरी, जीराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिका, पर्सागढी नगरपालिकाका केही वडा र वीरगंज महानगरपालिकाका केही वडाका किसानहरूले वार्षिक तीन बाली खेती गर्दै आएका छन् । यहाँका किसानले दुई बाली धान र एक बाली गहुँ, मकै, सुर्ती, दलहन, तेलहन तथा केहीले तरकारीखेती गर्दै आएका छन् ।

अहिले यो क्षेत्रका किसानहरूले चैते धान बाली अन्तर्गत हर्दिनाथ–२ (१४४२) जातिका धान रोपेका छन् र यो धान तीन महीना अर्थात् नब्बे दिनमा आगामी असारको पहिलो सातामा तयार हुन्छ । उनीहरूले चैते धान भित्र्याएसँगै अगहनी धानबाली लगाउँछन् र कात्तिक मसान्तसम्म तयार पार्छन् । अगहनी धान चार महीना अर्थात् १२० दिनमा तयार हुन्छ । त्यसपछिको समयमा यहाँका किसानहरू जग्गाको अनुकूलताको हिसाबले गहुँ, सुर्ती, मकै, राजमा, बदाम, दलहन, तेलहन तथा तरकारीखेती गर्छन् ।

पटेर्वासुगौली गाउँपालिका–१ का वडाध्यक्ष फरमान मियाँले आफ्नो र छिमेकी वडा नं २ मा खेतीयोग्य जमीनमध्ये ८० प्रतिशत क्षेत्रफलमा किसानले चैते धान लगाएको बताए । उनले वार्षिक तीन बाली उत्पादन हुने बताए । वडाध्यक्ष मियाँले बेलाबखत यहाँका किसानहरूले रासायनिक मल तथा उन्नत जातको बीउको अभाव झेल्नुपरेको गुनासो गरे ।

ठोरी गापा–५ गडुवालाइनका किसान देवीप्रसाद दाहालले सुवर्णपुर क्षेत्रमा पनि ८० प्रतिशतभन्दा बढी क्षेत्रफलमा तीन बाली उत्पादन हुने गरेको बताए । उनले दुई बाली धान र एक बाली तोरी वा सुर्ती उत्पादन हुने गरेको जानकारी गराए । थरुहट क्षेत्रका अधिकांश खेत बाँझो हुँदैनन् ।

यहाँ सिंचाइ सुविधा भएको कारण तीन बाली उत्पादन हुने गरेको छ । कुलो, बाँध तथा खोला, नहर र बोरिङको उचित व्यवस्था भएको कारण यहाँका किसानहरूले सिंचाइ सुविधाको प्रचुर मात्रामा सुविधा भोग गर्दै बाली तयारीमा उत्साह देखाउँदै आएका छन् । थरुहट क्षेत्रमा स्थानीय पालिका र किसानहरूको संयुक्त सहभागितामा प्रत्येक चार बिघा जमीनमा बोरिङको व्यवस्था गरिएको छ । नहर, खोला, कुलोको पहुँचमा पर्न नसकेका किसानहरूले बोरिङबाट सिंचाइ सुविधाको उपभोग गर्दै बाली तयार पार्दै आएका छन् । बोरिङ सुविधा भएका किसानहरूले दमकल (पम्पसेट)को प्रयोग गरी सिंचाइ गर्छन् ।

यो क्षेत्रमा कृषि ज्ञान केन्द्र, पर्सा र सम्बन्धित पालिकाहरूले किसानहरूलाई अनुदान सहयोगमा बोरिङ र कृषि वाटरपम्प उपलब्ध गराइरहेका छन् । यसैगरी, नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्रले सिंचाइका लागि कृषि मिटर उपलब्ध गराएको कारण किसानहरूले कम खर्चमा सिंचाइ सुविधा भोग गर्न पाएका छन् । यहाँका केही पहुँचवाला किसानहरूसँग सोलर प्यानलयुक्त वाटर पम्पको पनि सुविधा छ । सरकारी अनुदान सहयोगमा उनीहरूले यो सुविधाको पनि उपभोग गरेको पाइएको छ । आकाशे सिंचाइका अतिरिक्त यहाँका किसानहरूलाई अन्य वैकल्पिक सिंचाइ सुविधा प्राप्त भएकाले उनीहरू कृषि कर्ममा दत्तचित्त भएर लागिपरेका छन् ।

तर गण्डक नहरदेखि उत्तरतर्फको बझियान क्षेत्रका किसानहरू भने आकाशे सिंचाइमा मात्र भर पर्नुपर्दा दुई बाली मात्र उत्पादन गर्न सकिरहेका छन् । एक बाली धान र एक बाली गहुँ गरी दुई बाली मात्र यहाँ उत्पादन गरिन्छ । अहिले गहुँ कटान अन्तिम अवस्थामा छ तर नहरसँग जोडिएका र बोरिङ सुविधा प्राप्त मुश्किलले पाँच प्रतिशत किसानले चैते धानखेती गर्छन् भने १० प्रतिशत किसानले हरियो तरकारीखेती । बाँकी ८५ प्रतिशत खेती आगामी अगहनी धान नरोपुन्जेलसम्म वैशाख, जेठ र असार तीन महीना बाँझो हुन्छ । गण्डक नहरबाट आवश्यक परेको बखत सिंचाइ सुविधा उपलब्ध नहुने र आकाशे सिंचाइ भगवान्भरोसे भएकोले त्यसको विकल्पमा अन्य सिंचाइ सुविधा नहुँदा यहाँका खेतहरू तीन महीना बाँझो हुने गरेको हो ।



बझियानमा गहुँ कटानी हुँदै । तस्वीरः फाइल

स्थानीय पालिका प्रमुखहरूले बेलाबखत बझियानमा वैकल्पिक सिंचाइ सुविधा उपलब्ध गराउने प्रतिबद्धता जाहेर गर्दै आए पनि अहिलेसम्म यसलाई प्राथमिकतामा राखेर काम गरिएको छैन । सिंचाइको पर्याप्त उपलब्धता नभएकै कारण चार महीना अगहनी धान र पाँच महीना गहुँखेतीपछि यहाँका खेतहरू तीन महीनाका लागि बाँझो रहन्छन् ।

## पूर्वप्रम नेपालद्वारा झोलुङ्गे पुल उद्घाटन

प्रस, रौतहट, ७ वैशाख/

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले शुक्रवार बानेश्वर महादेव मन्दिरनजीकको झोलुङ्गे पुलको उद्घाटन गरेका छन् ।





गौर नगरपालिकाका प्रमुख शम्भु साहले गत २०७९ फागुन २८ गते पुल निर्माणको लागि शिलान्यास गरेका थिए । झोलुङ्गे पुल उद्घाटन गर्दै अध्यक्ष नेपालले गौरमा विकास निर्माणका कार्य देशमैं उत्कृष्ट रहेको दाबी गरे । उनले विकास निर्माणका कार्यमा जनप्रतिनिधिहरूलाई अहोरात्र खट्न आग्रह गरे । पालिकाको विकासका लागि जनप्रतिनिधिहरू खट्नैपर्छ र जनप्रतिनिधिहरू खटेका पालिकाहरूमा विकास भएको देखिएको र त्यसैको उदाहरण गौर नपा भएको उनले बताए ।

गौर नगरपालिकाका प्रमुख शम्भु साहले निर्वाचनको समयमा आफूले गरेका वाचाहरू पूरा गरेको दाबी गरे । उनले निर्धारित समयअगावै झोलुङ्गे पुल निर्माण सम्पन्न भएको र यसबाट नगरवासीहरू लाभान्वित हुने बताए । पुल निर्माण नहुँदा आवतजावतमा समस्या रहेको बताउँदै उनले निर्मित झोलुङ्गे पुल मधेस प्रदेशमैं दोस्रो ठूलो रहेको दाबी पनि गरे । उनले विकास निर्माणका कार्यमा गौर नपा मधेस प्रदेशका पालिकाहरूमा निकै अगाडि बढेको दाबी गरे ।

लेखराज हिमशिखर जेभी बत्तीसपुतली काठमाडौंले चार करोड २७ लाखमा २५९ मिटर लामो झोलुङ्गे पुल निर्माण गर्न २०७९ चैत १९ गते सम्झौता गरेको र २०८० चैत १८ गते निर्माण कार्य सम्पन्न गरेको थियो ।

कार्यक्रममा पूर्वमन्त्री डा वंशीधर मिश्र, पूर्वसांसद कल्याणी खड्का, संविधानसभा सदस्य सरला यादव, मधेस प्रदेशका विनाविभागीय मन्त्री बेची लुङ्गेली, प्रदेशसभा सदस्यद्वय नागेन्द्र साह र किशोरीदेवी दास, राजदेवी नगरपालिकाका प्रमुख भिखारी यादव, प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, प्रहरी उपरीक्षक दिलीप घिमिरे, नेकपा (एस)का जिल्ला अध्यक्ष कमल यादवलगायतको सहभागिता रहेको नगर प्रवक्ता एवं वडाध्यक्ष अर्जुन सिंहले बताए ।

## हतियारसहित युवक पक्राउ

प्रस, रक्सौल, ७ वैशाख/

आदापुर प्रखण्डको कुर्मीनियाबाट प्रहरीले स्वदेशी बन्दुक, गोलीसहित एकजना युवकलाई पक्राउ गरेको छ ।

महुअवा थानाध्यक्ष सोनु कुमारीले कुर्मीनियाबाट १९ वर्षीय धर्मेन्द्र कुमारलाई स्वदेशी बन्दुक र गोलीसहित पक्राउ गरेको पुष्टि गरिन् । उनले पक्राउ परेका युवकलाई मोतिहारी जेल चलान गरिएको र घटनाबारेमा थप अनुसन्धान भइरहेको बताइन् । पक्राउ परेका युवकले सामाजिक सञ्जालमार्फत हतियार प्रदर्शन गरेको भाइरल भएपछि प्रहरीले ती युवकलाई पक्राउ गरेको बुझिन आएको छ ।

# पमपम बिल्डिङको गोदाममा शुक्रवार पनि छापामारी जारी

नितेश कर्ण, वीरगंज, ७ वैशाख/

जिल्ला प्रहरी कार्यालय, पर्साले बिहीवार दिउँसोदेखि वीरगंज महानगरपालिका–६ महावीरस्थानमा रहेको पमपम बिल्डिङमा शुरू गरेको छापामारी शुक्रवार पनि जारी रह्यो ।

जिप्रका, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले शुक्रवार घटनाबारे पत्रकार सम्मेलन गर्दै बिहीवार दुईवटा गोदामबाट मात्र भण्डार गरिएका कपडाहरू बरामद गरिएको र सोको मूल्य एक करोड २० लाख भएको अनुमान गरिएको बताए । उनले हिजो बरामद कपडाहरू आवश्यक कारबाहीको लागि वीरगंज भन्सार कार्यालय चलान गरिएको जानकारी गराए । प्रवक्ता थापाले दुईवटा गोदामबाट बरामद सामानहरू प्रारम्भिक अनुसन्धानमा वीरगंज महानगरपालिका–६ स्थित काजल इम्पेक्सका रामबाबू कुशवाहा र वीरगंज महानगरपालिका–१६ का आकाश गुप्ताको भएको दाबी गरे । उनले पमपम बिल्डिङ (तुल्स्यान मार्केट)मा कोठा भाडामा लिएर कुशवाहा र गुप्ताले



भन्सार छलीका कपडाहरू भण्डारण गरेको पाइएको बताए । उनले हिजो दुईवटा गोदाममा छापामारी गरिएको र तीन वनटन गाडी कपडाहरू बरामद भएको बताए ।

यसैबीच, प्रहरीले हिजो दुईवटा गोदामबाट सामान बरामद गरेपछि अन्य गोदामहरू आफ्नो नियन्त्रणमा लिएको थियो । नियन्त्रणमा लिएको उक्त गोदामहरूमा भने शुक्रवार दिउँसोदेखि पुनः खानतलाशी शुरू गरेको छ । प्रहरीले आजको खानतलाशी जारी रहेकोले घटनाबारेमा पूर्ण विवरण दिएको छैन ।

प्रहरीले सूचनाको आधारमा पमपम बिल्डिङमा छापामारी गरी ठूलो परिमाणमा कपडाहरू बरामद गरेपछि वीरगंज नाका भएर अवैधरूपमा चोरी पैठारी भइरहेको कुरालाई पुष्टि गरेको छ । तर प्रहरीको यो कारबाहीबाट भने अवैध कारोबारमा संलग्नहरूबीच खैलाबैला मच्चिएको छ । कारोबारीहरूले प्रहरी कारबाहीप्रति आक्रोश व्यक्त गरेका छन् । उनीहरूले भण्डारण गरिएका कपडाहरू नेपाली र चाइनिज तथा केही मात्रामा भारतीय भएको र प्रहरी कारबाहीले व्यापारीहरूको मनोबल अहिलेको आर्थिक मन्दीमा अझ खस्किएको बताएका छन् । तर घटनाबारेमा अहिलेसम्म कसैले आधिकारिकरूपमा गोदाममा भण्डारण गरिएका सामानको जिम्मेवारी लिएका छैनन् । पमपम बिल्डिङका चारवटा गोदाममा करीब पाँच/सात करोड मूल्यका कपडाहरू भण्डारण गरिएको वडाध्यक्ष जयप्रकाश शाहले हिजै बताएका थिए । जसमध्ये हिजो प्रहरीले रु एक करोड २० लाख बराबरको कपडा बरामद गरिसकेको छ ।




### विचारसार र सूक्तिहरू

**शिक्षा भनेको सूचना ग्रहण होइन, अपितु मस्तिष्कलाई सोच्न सक्ने बनाउने तालीम हो ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## कानून परिवर्तन जरुरी

**हाम्रो समाजमा वैवाहिक कार्यक्रम निकै खर्चिलो बन्दै गएको छ। हुनेखानेहरूले विवाहमा गर्ने अथाह खर्चका कारण सम्पन्न व्यक्तिहरूबीच प्रतिस्पर्धा चलिरहेको अहिलेको अवस्थामा वैवाहिक कार्यक्रमहरूमा हुने अनावश्यक खर्चको भार सहन गर्ने अवस्थामा नरहेका मध्यमवर्गीय र निम्न मध्यमवर्गीय समाज पनि पिल्सिएको छ। परम्परागतरूपमा हुने वैवाहिक कार्यक्रमहरू आधुनिकतातर्फ उन्मुख हुँदै गएका छन् र यसले थप आर्थिक भार बढाएको छ। बालविवाह, दाइजोप्रथाबाट उन्मुक्ति पाउन नसकेको हाम्रो समाज वैवाहिक कार्यक्रममा हुने अनावश्यक खर्चले झनै आक्रान्त भएको छ। एक दिनमा सम्पन्न हुँदै आएको हाम्रो परम्परागत वैवाहिक कार्यक्रम अहिले तीन/चार दिनसम्म चल्ने र सो क्रममा हुने भोजभतेर, बाजागाजा, टेन्ट आदि खर्चलाई पनि बढाएको छ। अहिले वैवाहिक कार्यक्रममा तीन दिनसम्म कार्यक्रम अनुसारको पोशाक लगाउने परिपाटीको विकास भएको छ। बुकुवा (हल्दी)मा पहेंलो, रङ्ग (मेहंदी)मा हरियो र सङ्गीतलगायत विवाहमा रातो आदि लगाउन थालिएको छ।**

**सामाजिक सञ्जालहरू देखिने तडकभडकका साथ सम्पन्न हुने वैवाहिक कार्यक्रमलाई लिएर खासगरी युवाहरू आफ्नो वैवाहिक कार्यक्रम पनि सोही अनुसार हुनुपर्छ भनी अभिभावकलाई दबाब दिन थालेका छन्। यसले गर्दा समाजमा खर्च गर्ने प्रवृत्ति बढेर गएको छ। नेपालको कानूनले अहिले कतिसम्म खर्च गर्न पाउने भन्ने मापदण्ड बनाएको छैन। सामाजिक व्यवहार सुधार ऐन–२०३३ अहिलेको अवस्थामा निष्क्रिय प्रायः छ। समयसापेक्ष यो कानून परिमार्जन नगरिएको कारण समाजले पचाउन सकेको छैन। कानून समाजले पचाउने खालको हुनुपर्छ। सामाजिक व्यवहार सुधार ऐन–२०३३ अहिले सामान्य मानिसहरूका लागि पनि पालना गर्ने खालको छैन। यसो त विवाहसम्बन्धी आचारसंहिता–२०७५ लागू गरिएको छ। तर त्यसमा दाइजो लक्षित आचारसंहिता मात्र बनाइएको छ। करकापले लेनदेन गर्न नहुने यसो गर्दा तीन वर्ष कैद र विवाहपछि पनि दाइजो माग भए पाँच वर्षसम्म कैद आदि। आचारसंहिता–२०७५ मा वैवाहिक कार्यक्रम गर्दा कुन तहको नागरिकले कतिसम्म खर्च गर्न पाउने भन्ने नियम छैन, जसले जतिसक्दो खर्च गर्न सक्छ। जबकि दाइजोसँगै यसमा पनि आचारसंहिता लागू गरिनुपर्ने हो।**

**अर्काको जग्गाको जोत गर्नेले कुत बुझाउनुपर्छ। त्यसैगरी, वैवाहिक कार्यक्रममा हुने खर्च आम्दानीको यति प्रतिशतभन्दा बढी हुनुहुँदैन र त्यसको मापन सम्बन्धित व्यक्तिले तिर्दै आएको आयकर अनुसार गरेको खण्डमा केही सुधार हुने थियो। यसैगरी, आयकर नतिर्नेहरूको हकमा यतिभन्दा बढी खर्च गर्नै नपाइने नियम बनाइने हो भने पनि अहिलेको वैवाहिक कार्यक्रममा हुने अस्वस्थ खर्चको दायरालाई नियन्त्रण गर्न सकिन्छ। तर स्वयम् नीति निर्माणकर्ताहरूले वैवाहिक कार्यक्रममा अनावश्यक खर्च गरिरहेका छन् भने उनीहरूले सामाजिक रूपान्तरणलाई मनन गर्लान् भनेर सोच्न पनि सकिन्न। आफू सशस्त्र जनयुद्धमा रहँदा जनवादी विवाहलाई प्राथमिकता दिएका माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड अहिले प्रधानमन्त्री छन्। उनले आफ्नी नातिनीको विवाह तडकभडकका साथ गरे भने अरूको के कुरा। उच्च ओहदामा रहेकाहरूले पनि वैवाहिक कार्यक्रमलाई उदाहरणीय बनाउन नसक्दा हाम्रो समाजमा वैवाहिक कार्यक्रमहरू महँगो हुँदै गएका** [redacted]

# संसारको आँखा भारतको लोकसभा चुनावमा

भारतमा १८ औं लोकसभाका लागि आम निर्वाचनको 'महापर्व' शुरू हुँदैछ। भारतीय निर्वाचन आयोगको घोषणा बमोजिम भारतीय संसद् (लोकसभा)को ५४३ सिटका लागि १९ अप्रिलदेखि जून १ सम्म ७ चरणमा चुनाव हुने भएको छ। यो विश्वको सबभन्दा लामो ४४ दिने मतदान प्रक्रिया हो। यसमा ९७ करोड ८० लाख मतदातामध्ये २० करोडभन्दा बढी युवा छन्। यस निर्वाचनमा वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदी लगातार तेस्रो कार्यकालका लागि मैदानमा डटेका छन्। विभिन्न सर्वेक्षणले मोदी मतदाताबीच लोकप्रिय रहेका र उनको दल भारतीय जनता पार्टीले पुनः बहुमत हासिल गर्ने जनाएका छन्। ३ डिसेम्बरमा विभिन्न चार राज्यमा भएको निर्वाचनमा विपक्षीको विभिन्न आक्रमण र आरोपका बावजूद प्रधानमन्त्री मोदीको भाजपाले तेलंगानाबाहेक छत्तीसगढ, मध्यप्रदेश र राजस्थानमा शानदार जीत हासिल गऱ्यो।

केही समययता विधानसभा चुनावले आम चुनावको नतीजा कता जाला भन्ने सङ्केत ठीकसँग गर्न नसके पनि आउँदो आम चुनावमा भाजपा हार्ने सम्भावना देखिंदैन। यो चुनावमा त झन् मोदीसँग छाती चौडा पार्ने धेरै मुद्दा छन्। मोदी र उनको दल मतदानको मिति घोषणा हुनु महीनौं अघि नै प्रचारप्रसारमा लागेका छन्। मोदी दिनहुँ देशैभर उडान भर्दै नयाँ आयोजनाको घोषणा र उद्घाटन गर्न तल्लीन छन्। पछिल्लोपटक चुनाव भएका राज्यहरूमा भाजपाले यसरी चुनाव लड्यो, मानौं त्यहाँको मुख्यमन्त्रीको उमेदवार नै मोदी हुन्। पोस्टरहरूमा उनको तस्बिर राखियो। वास्तविक उमेदवारहरू पछाडि बसे।

हालैको विधानसभा चुनावको नतीजा सार्वजनिक हुनु अघिसम्म विपक्षी दलहरूको थप बलियो हुने अपेक्षा थियो। किनभने यही वर्ष कर्नाटकमा भएको चुनाव काङ्ग्रेसले जितेको थियो। त्यति बेला भाजपा र उसका सहयोगी दलहरू भारतको ४५ प्रतिशत जनसङ्ख्या बस्ने राज्यहरूमा शासन चलाइरहेका थिए। तर ६ वर्ष अघि उत्कर्षका बेला तिनले ७० प्रतिशत जनसङ्ख्या बस्ने राज्यहरूमा शासन गर्थे। यस निर्वाचन परिणामबाट भाजपा थप उत्साहित भएको छ।

नरेन्द्र मोदी पदमा बसेको १० वर्ष भइसक्यो। तर, उनी अझै उत्तिकै शक्तिशाली छन्। हिन्दी क्षेत्रमा भारतीय जनता पार्टीको एकपछि अर्को चुनावी जीतले विश्वको सबैभन्दा ठूलो लोकतन्त्रमा मोदीको पकड पुष्टि गरेको छ भने भारतका असहाय विपक्षी पार्टी छायामा परेका छन्। भारतमा राज्यहरू निकै प्रभावशाली छन्। सरकारले गर्ने खर्चको ६० प्रतिशत हिस्सा राज्यहरूले गर्छन्। जबकि विकसित देशहरूमा यो दर औसत ३० प्रतिशत छ। अहिले भारतका २९ राज्यमध्ये १६ वटामा भाजपा र उसका सहयोगी दलको सरकार छ। यो भनेको करीब ६० प्रतिशत जनसङ्ख्या हो। भारतमा लामो समयदेखि सत्ताधारी दल चुनाव हार्ने प्रवृत्ति थियो। तर, पछिल्ला वर्षहरूमा मतदाताहरूले अधिकांश मुख्यमन्त्रीलाई पुनःनिर्वाचित गराउन थालेका छन्। तर, त्यसरी पुनःनिर्वाचित हुनेहरू चाहिं भाजपा र क्षेत्रीय पार्टीका मुख्यमन्त्री मात्र छन्। २०१४ देखि नै काङ्ग्रेसका कुनै पनि मुख्यमन्त्रीले दोहोऱ्याएर चुनाव जितेका छैनन्। गाँधी परिवारको प्रभुत्व रहेको काङ्ग्रेसमा मोदी र अरू थुप्रै क्षेत्रीय नेताहरूको जस्तो मेहनत गर्ने इच्छा छैन। चुनावको मिति सार्वजनिक हुनु केही दिन अघि मात्र मोदीले एक लाख करोड रुपियाँको ११४ राष्ट्रिय राजमार्ग परियोजना, ओडिसामा २७० भन्दा बढी रेलवे परियोजना, कोलकातामा १५ हजार ४०० करोड रुपियाँको बहुकनेक्टिभिटी परियोजना, 'विकसित भारत विकसित उत्तरपूर्व' कार्यक्रम अन्तर्गत ६ वटा पूर्वोत्तर राज्यका लागि ५५ हजार ६०० करोडका परियोजनाजस्ता विभिन्न परियोजना अन्य प्रदेशमा पनि उद्घाटन र शिलान्यास गरेका छन्।

गत अगस्तमा भारतको चन्द्रयान चन्द्रमामा ऐतिहासिक अवतरण गर्दै चन्द्रमामा पुग्ने भारत चौथो राष्ट्र बनेको छ। त्यसको केही दिनपछि नै सूर्यको अध्ययन गर्न भारतले आफ्नो पहिलो अन्तरिक्षयान प्रक्षेपण गऱ्यो। त्यस्तै गत सेप्टेम्बरमा भारतले जी–२० को सम्मेलन आयोजना गऱ्यो। यी सबैलाई सत्तारूढ दल र 'मोदी मीडिया'ले यसरी मार्केटिङ अभियान चलाएका छन् कि भारतमा एक व्यापक धारणा बनेको छ, मोदीले विश्वव्यापीस्तरमा भारतको हैसियत उचालेका छन्।

त्यस्तै, जनवरीमा अयोध्यामा बाबरी मस्जिदको ठाउँमा राम मन्दिर निर्माण गरेपछि मोदीले आफ्नो पार्टीको लामो समयदेखि राखेको हिन्दू राष्ट्रवादी वाचा पूरा गरेका छन्। यसले धर्मको नाममा विभाजित हिन्दू प्रभुत्व रहेको भारतीय समाजलाई थप स्वीकृत गर्ने निश्चित छ, जसबाट आउने चुनावमा भाजपाको पक्षमा फाइदा पुग्ने देखिन्छ।

भारतमा आर्थिक उन्नति भएको छ। भारत विश्वको १३औं स्थानबाट पाँचौं धनी राष्ट्र बन्न पुगेको छ र तेस्रो बन्नबाट टाढा पनि छैन। अमेरिका र चीनपछि भारत धनी राष्ट्र बन्ने तय भएको विकास दरले देखाएको छ। यो सब भाजपाले गरेको हो। मोदी यस प्रगतिका ब्रान्ड हुन्। मोदीको सहयोगमा हजारौं, करोडौं इमानदार हात छन्। भारतले कोरोनाकालमा विश्वमा अग्रणी स्थानमा रहेर नागरिकलाई बचायो। अधिकांश मान्छेलाई थाहा छ, भारत उदाउँदो आर्थिक शक्ति हो। यो विश्वको पाँचौं ठूलो अर्थतन्त्र बनिसकेको छ र आफ्ना कुनै पनि प्रतिस्पर्धीभन्दा तीव्र गतिमा वृद्धि हासिल गरिरहेको छ। भारतको शेयर बजार पनि विश्वको चौथो ठूलो बन्न पुगेको छ र यो निरन्तर उकालो चढिरहेको छ। यो पनि धेरैलाई थाहा छ कि नरेन्द्र मोदी दशक यता भारतका सबैभन्दा शक्तिशाली नेता बनेका छन्। र, आर्थिक विकासका साथसाथै हिन्दूहरूलाई प्राथमिकता दिने पपुलिज्म उनको एजेन्डा हो। भाजपाको पक्षमा जनलहरको कारण हिन्दूधर्मको पक्षमा रहनेहरूको मनोभावना उच्च भएको छ। हिन्दूहरूलाई भावनात्मकरूपमा फरक महसूस भएको छ। अन्य राजनीतिक दलका नेताहरूमा पनि यो देखिएको छ। धर्ममा विश्वास छैन भन्ने दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाल मन्दिर जान थाले भने राहुल गाँधी मन्दिर गएर कुर्तामाथि नै जनै लगाउन थालेका छन्।

भारतको लोकसभा चुनावलाई विश्वले चासोका साथ हेरिरहेको छ। मुख्यतः यस चुनावको चासो नरेन्द्र मोदीको वरिपरि घुमिरहेको छ। नरेन्द्र मोदीले दुई कार्यकाल शासन सञ्चालन गर्दा घरेलु राजनीतिदेखि विश्व रङ्गमञ्चमा धेरै उतारचढाव देखिएको थियो, र अब आगामी कार्यकाल कस्तो हुने हो भन्ने सबैको चासोको विषय बनिरहेको छ।

चुनावपूर्व गरिएका विभिन्न चुनावी सर्वेक्षणले पुनः प्रधानमन्त्री मोदी नै तेस्रोपटक प्रधानमन्त्री हुने आकलन गरेको छ। भारत विश्वकै तीव्र वृद्धि भइरहेको अर्थतन्त्रमध्ये एक हो। सन् २०२३ मा कुल गार्हस्थ्य उत्पादन ३.७ ट्रिलियन डलर रहेकोमा गरीबी न्यूनीकरण, मानवीय विकास सुधार र विश्वव्यापी प्रतिस्पर्धात्मक क्षमतामा भारतले उल्लेखनीय प्रगति गरेको छ।

सन् २०१४ मा नरेन्द्र मोदी सत्तामा आएपछि भारतले आफ्नो समाज र अर्थव्यवस्था रूपान्तरण गर्न महत्त्वाकाङ्क्षी सुधारको शृङ्खला शुरू गऱ्यो। मोदी सरकार विगत एक दशकदेखि बलियो आर्थिक वृद्धि कायम गर्न सफल भएको छ। आर्थिक वृद्धि र रोजगार सृजनाका लागि महत्त्वपूर्ण संरचनात्मक सुधार कार्यक्रमको शृङ्खलाका कारण यो सम्भव भएको हो। सुधारका केही मुख्य क्षेत्र पूर्वाधार विकास–जस्तैः सडक, विमानस्थल, बन्दरगाह र पावर प्लान्टहरूको निर्माण, उद्योगीकरण विशेषगरी, निर्माण क्षेत्रमा जस्तो कि मेक इन इन्डिया पहलकदमी, इन्डिया स्टार्टअप र आत्मनिर्भर भारत, उच्च मूल्य सेवाहरू जस्तैः डिजिटल, भारत, स्किल इन्डिया, स्मार्ट सिटीजस्ता कार्यक्रममार्फत सूचना प्रविधि, बायोटेक्नोलोजी र डिजिटल अर्थतन्त्र, शिक्षाको पहुँच र गुणस्तर, तालीम र रोजगार अवसरमार्फत दक्ष श्रमशक्ति उत्पादनमा उनको जोड रह्यो। नरेन्द्र मोदीको नेतृत्वमा भारतको आर्थिक प्रगति उल्लेखनीय छ। सौभाग्यवश भारत र मोदीसँग निकै राम्रो विकल्प छ। भाजपाका लागि दक्षिणमा प्रतिस्पर्धामा आउने अर्को उपाय के हो भने उसले आफ्नो हिन्दुत्वको सन्देशलाई नरम पार्नुपर्छ। हिन्दी भाषाको प्रवर्द्धनमा रोक लगाउनुपर्छ। आर्थिक विकासमा ज्यादा जोड लगाउनुपर्छ र मोदीको उत्तराधिकारीका रूपमा पिछलग्गुहरूको मण्डलीभन्दा नरम व्यक्तिको खोजी गर्नुपर्छ।

विश्वको पाँचौं अर्थतन्त्र बन्न सफल भारत सन् २०३० सम्म अमेरिका र चीनपछि तेस्रो स्थानमा उक्लिने हिसाबले गति लिइरहेको छ। त्यसैगरी, विगत दशकमा भारतको कूटनीतिक सक्रियताले यसको अन्तर्राष्ट्रिय छवि र प्रतिष्ठामा अभिवृद्धि भएको देखिएको छ। संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को स्थायी सदस्य हुने भारतको अभिलाषालाई समर्थन गर्ने आधारहरू यसबीच सबल हुँदै गएका छन्। रूस–युक्रेन युद्धमा भारतको कूटनीतिक कुशलता उसको राष्ट्रियहित अनुकूल भएको जगजाहेर छ। विश्वमञ्चमा बेलाबखत प्रदर्शन गरेको तटस्थताले पनि दिल्लीलाई फाइदा भएको छ।

भारतका घरेलु मामिलाको कार्यसूची (एजेन्डा) केलाउनेहरूले 'हिन्दुत्व'लाई सिरानमा राख्ने गरेका छन्, अनि त्यसकै आडमा मोदी सफल राजनीतिक खेलाडी भएको दाबी गर्छन्। 'अबकी बार ४०० पार' भन्ने मोदीकै नारा अनुसार परिणाम आयो भने गणतन्त्र भारतको संविधान संशोधन हुनेछ र भारत हिन्दू राष्ट्र घोषित हुने अपेक्षा गर्नेहरू होलान्। कदाचित् त्यसो भयो भने सन् १९४७ मा हिन्दुस्तान विभाजित भई मुसलमानका लागि पाकिस्तान निर्माण भएपछि भारत स्वतः हिन्दू राष्ट्र हुनुपर्नेमा उतिखेर हुन नसकेको तर अहिले सच्चिन पाउने तिनको अपेक्षा हुन सक्छ। यो सोच तार्किक नै देखिन्छ। सन् १९४७ देखि धेरै लामो समयसम्म काङ्ग्रेस सरकारमा बस्यो। काङ्ग्रेसको सरकार हुँदा चीन–भारत युद्धमा भारतको हार, भारतीय संस्कृतिको ह्रास, गरीबी, सैन्य क्षेत्रमा विदेशमाथि निर्भरता भारतको मुख्य पीडा थियो। करीब १० वर्षदेखि भाजपाको सरकार बहुमतमा छ। मोदीले विश्वमा नै आफ्नो छवि राम्रो बनाएका छन्। भाजपा हिन्दूवादी सनातनी पक्षधर राजनीतिक दलको रूपमा स्थापित भएको छ। भाजपामा मोदी ब्रान्ड कायम भएको छ। उनीपछि नीतिन गडकरी, योगी आदित्यनाथ, स्मृति इरानीसमेत धेरै इमानदार नेताहरू छन्। जे होस्, भाजपाका मोदी 'स्वनिर्मित' र कठोर परिश्रम गर्ने व्यक्ति हुन्, उनी वक्तृत्वकलामा निपूर्ण छन्, उनका प्रतिस्पर्धी कमजोर फेला पर्छन्, उनमा हिन्दू राष्ट्रवादको उर्लंदो लहरलाई समेट्न सक्ने क्षमता छ, उनी प्रचारप्रसारमा चतुर छन् र सामाजिक सञ्जाल परिचालनमा चनाखो रहनुका साथै भावविशिष्ट चतुर व्यक्ति हुन्। यी कुराको अतिरिक्त 'सबका साथ सबका विकास' भन्ने नाराले पनि मोदीलाई जनसमर्थन थप्दै जान मदत पुऱ्याएको हुनुपर्छ।

प्रधानमन्त्री मोदीको पार्टी भारतीय जनता पार्टी (भाजपा)ले 'आश्चर्यजनक' विजय पाउन विपक्षी पार्टीका नेतालाई चुनावको मुखमा विभिन्न आरोप लगाएर जेलमा कोचेको छ। हालै छोटो समयमैं राजनीतिमा उदाएर जनतामा लोकप्रिय आम आदमी पार्टी (आप)का नेता, दिल्लीमा तेस्रोपटक मुख्यमन्त्री बनेका अरविन्द केजरीवाललाई रक्सी अन्तःशुल्क घोटालामा जेलमा हालेको र प्रमुख विपक्षी दल भारतीय राष्ट्रिय काङ्ग्रेसको सबै बैंक खाता 'सिज' गरिएको छ। यसले गर्दा काङ्ग्रेससँग चुनाव प्रचार गर्न कुनै फन्ड छैन। काङ्ग्रेससँग कार्यालयमा काम गर्ने मानिसलाई तलब दिन पनि पैसा छैन। चुनावी खर्चका लागि पनि पैसा छैन। न पर्चा–पम्प्लेट छाप्ने पैसा छ, न रेल वा हवाईजहाजको टिकट काट्न नै।

राजनीतिक दलका नेताहरू चुनावी अभियानका लागि मैदानमा हुनुपर्ने बेलामा उनीहरूलाई विभिन्न अनुसन्धान विभागले एकपछि अर्को गर्दै बोलाइरहेका छन्। पटकपटक यो र त्यो अनुसन्धान विभागमा उपस्थित हुनु परेपछि निर्वाचन क्षेत्रमा को जाने ?

**स्वतन्त्र विचार**



**राजेन्द्रप्रसाद कोइराला**
Phd
rajendrakoirala20@gmail.com

**भाजपाका लागि दक्षिणमा प्रतिस्पर्धामा आउने अर्को उपाय के हो भने उसले आफ्नो हिन्दुत्वको सन्देशलाई नरम पार्नुपर्छ। हिन्दी भाषाको प्रवर्द्धनमा रोक लगाउनुपर्छ। आर्थिक विकासमा ज्यादा जोड लगाउनुपर्छ र मोदीको उत्तराधिकारीका रूपमा पिछलग्गुहरूको मण्डलीभन्दा नरम व्यक्तिको खोजी गर्नुपर्छ।**

**मौसम पूर्वानुमान ...**

टेलिकमसँग पनि सोसम्बन्धी सम्झौता गर्ने तयारी भइरहेको कर्माचार्यको भनाइ छ। "पूर्वसूचना प्रवाहकै कारण मनसुनजन्य विपद्बाट हजारौं मानिसको ज्यान जोगिएको छ, आर्थिक क्षति पनि कम भएको छ"–कर्माचार्यले भने–"पूर्वसूचना प्रणालीलाई अझ भरपर्दो र विश्वसनीय बनाउँदै लैजाने छौं।"

उनले मौसममा आधारित जोखिमबाट हुने धनजनको क्षति कम गराउन पूर्वसूचना प्रणाली तथा प्रवाहका लागि तीनवटै तहका सरकार, विभिन्न सरोकारवाला निकायबीच सहकार्य गरी अगाडि बढ्न आवश्यक रहेको बताए।

उनका अनुसार हाल नेपामला बाढीसम्बन्धी पूर्वसूचनाका लागि १९ वटा प्रणाली र १७० स्टेशन छन्। 'रियल टाइम' मौसम मापन गर्ने स्टेशन भने २९० रहेको उनको भनाइ छ।

जलवायु तथा विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेती पूर्वसचना प्रणालीलाई भरपर्दो र विश्वसनीय तथा प्रभावकारी बनाउन सके मनसुनजन्य घटनाबाट बर्सेनि हुने क्षति कम गर्न सहयोग पुग्ने बताउँछन्। "अहिले उपलब्ध पूर्वसूचना प्रणाली पर्याप्त छैन। अब पूर्वसूचना प्रणालीमा राज्यले लगानी बढाउन आवश्यक छ"–उनले भने–"२८ घण्टा अघि नै पूर्वसूचना दिन सके विपद्बाट हुन सक्ने क्षति ४० प्रतिशतसम्म कम गर्न सहयोग पुग्छ।"

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४८

## अलिकति कुरो लोकछन्दको पनि

नेपालमा सयौं होइन हजारौं लोकछन्द प्रचलनमा रहेका छन् । तिनीहरूको पहिचानबारे लोकसाहित्य तथा लोकजीवनका बारेमा रुचि लिनेहरूले समयमैं पहिचान गर्नु र उचित संरक्षणका लागि कदम चाल्नु जरुरी छ ।

गाउँसमाजमा अहिले पनि धेरै लोकगीत रहेका छन्। ती लोकगीतहरूको आफ्नै गाउने तरीका छ । गाउने तरीकालाई यदि लेखाङ्कन गर्ने हो भने सबै लोकगीतको एउटा छन्द बन्छ। यही छन्दलाई लोकछन्द भन्ने गरिएको छ। उदाहरणको लागि केही नमूनाहरूलाई लिन सकिन्छ।

हिमाली क्षेत्रमा प्रचलित रहेको एउटा लोकछन्द हो– झ्याउरे। झ्याउरे छन्दलाई तीन स्वरूपमा लिइन्छ। पहिलो स्वरूपमा १५ अक्षर हुन्छन् । दोस्रोमा १६ अक्षर हुन्छन् । तेस्रोमा १७ अक्षर हुन्छन् । महाकवि लक्ष्मीप्रसाद देवकोटाले मुनामदन खण्डकाव्य यस लोकधुनमा अर्थात् लोकछन्दमा लेखेर यसको प्रतिष्ठा बढाएका हुन्। नेपाली साहित्यमा सबैभन्दा बढी यसै छन्दमा मानिसले लेख्न थालेका छन् र अहिले पनि यसमा लेखिरहेका छन् । हुनत यो काव्यात्मक वा गीति शैली हो तर पनि यसै छन्दमा संस्मरण, नियात्रा तथा महाकाव्यसम्म लेखिएका पाइन्छन्। यसले गर्दा यो छन्द नेपालमा सबैभन्दा बढी लोकप्रिय रहेको छ । लोकछन्द भएकोले यो नेपालको मौलिक छन्द पनि हो र यस छन्दले नेपाली साहित्यको मान र प्रतिष्ठालाई बढाउने काम गरेको छ। यस छन्दको विस्तार अन्य भाषासम्म पनि भएको छ र अन्यको आकर्षण पनि बढेको छ।

अलिकति सम्बन्ध मसित पनि जोडिएको छ, नेपाली लोकछन्द झ्याउरेको । सबैभन्दा पहिले त मैले महाकवि देवकोटाको मुनामदन खण्डकाव्यलाई बज्जिका भाषामा अनुवाद गरेको छु। मैले पनि केही कविता यस छन्दमा लेखेको छु। झ्याउरे छन्दमा मैले नेपाली र बज्जिका दुवै भाषामा कविता वा गीतहरू लेखेको छु। मलाई यो झ्याउरे छन्द निकै राम्रो लाग्छ, यो व्यक्तिगत कुरो भो । अनि यसमा मैले महाकाव्य पनि लेखेको छु । नेपाली भाषामा अत्यधिक प्रचलित झ्याउरे छन्दमा मैले बज्जिका भाषामा महाकाव्य लेखेको छु, जुन प्रकाशनको तयारीमा छ। सबै कुरा ठीकठाक रहे यही वैशाख महीनाको शुक्ल पूर्णिमा अर्थात् बुद्ध जयन्तीको दिन मेरो महाकाव्य लोकार्पण हुनेछ । मेरो महाकाव्य भगवान् बुद्धको जीवनीमा आधारित रहेको छ । मैले नेपाली लोकछन्दलाई बज्जिका भाषामा प्रयोग गर्दा केही नयाँ अनुभवहरू पनि प्राप्त गरेको छु।

लोकछन्दको विषयमा कुरो गर्दा विवाहको गीतलाई बिर्सन सकिन्न । विवाहको गीतको शैलीमा आधुनिक रचना निकै कम भएका छन्। वास्तवमा विवाहको गीतको शैली वा गायनको तरीका भन्नु पनि एक प्रकारको लोकछन्द नै हो । विवाहमा हुने विधिन्न विधि व्यवहारका परम्परागत गीतहरू प्रचलनमा रहेका छन्। अब विवाहका गीतहरू पनि


स्वान्त सुखाय:



सञ्जय मित्र

mitrasanjay41@gmail.com


लोप हुन थालेका छन्। गीत गाउनेहरू नै भन्छन्, अब विवाहको गीत लोप भएर जान थालेका छन् । लोप भएर जाने विवाहको गीतलाई बचाउन कसैले कुनै किसिमले सकारात्मक भूमिका खेलेको पाइन्न। विवाहको गीतको बोलसित मिल्ने आधुनिक गीत वा रचना गर्ने प्रचलन त झन् छँदैछैन । यसरी विवाहको गीति छन्दलाई बचाउनु तथा यस प्रकारका रचनालाई सोही लय र सुरमा पढ्न पाउनु आफैंमा विशिष्ट अनुभव हुन आउँछ।

छठ पर्वको गीत निकै धेरै प्रचलित छ। छठ पर्वको लयमा अनेक आधुनिक गीतहरू रचिएका छन्। मौलिक गीतको लयमा पनि आधुनिक गीतहरू नरचिएका होइनन्। आधुनिक गीतहरू बजारमा खूब चल्छन् पनि। यसबाट यो स्पष्ट हुन आउँछ कि छठ पवनीको गीत हराउँदैन। अर्थात् छठ पर्वको गीतको जुन लय वा छन्द छ, त्यो सुरक्षित रहन्छ। छठ पर्वको लोक लयमा कुनै काव्य वा यस प्रकारका साहित्यिक कृतिहरू लेखिएको सुनिएको छैन। यस्तै हालत होलीको गीतको पनि रहेको छ। होलीको गीतको लय अर्थात् छन्द सितिमिति मर्ने देखिंदैन। होलीको लयमा अनेक आधुनिक गीतहरूको सिर्जना गरिएका छन् तर कुनै साहित्यिक काव्य वा कृतिको रचना गरिएको पाइएको छैन। यतातिर कसैको ध्यान जान सकेको छैन । तर जानुपर्ने देखिन्छ । यसैगरी, चैतावर छ। चैतावर त चैत महीनाको निकै लोकप्रिय गीत हो। यस महीनाको गीतमा जे आनन्द वा रस छ, त्यसलाई लोप हुन नदिनको लागि चैतावरको लयमा अन्य साहित्यिक रचना हुनु अनिवार्य देखिन्छ। चैतावर निकै पछाडि परिरहेको लोकछन्द हो।

महीनाको दृष्टिकोणले विशेष छन्दयुक्तमा भदौको जरजटिन पनि हो। असोजको झिंझिया हो । कात्तिकको सामाचकवा पनि हो। यी लोकसांस्कृतिक सम्पदाहरूबारे समाज जानकार छ तर विडम्बना कहिलेकाहीं स्टेजहरूमा मनोरञ्जनको लागि मात्र देखाइने गरिन्छ तर वास्तवमा यस्ता लोकछन्दहरूको सुरमा सुर मिलाएर साहित्यिक सिर्जना गर्नेतिर कतैबाट कुनै किसिमको प्रोत्साहन नै भएको पाइँदैन । अहिले संस्कृति र समाजप्रति रुचि लिनेहरू धेरै देखिएका छन् तर प्राविधिक वा देखावटीरूपमा मात्रै। संरचना वा वास्तविकतातिर ध्यान जानै बाँकी रहेको छ। अहिले यदि समयमा ध्यान दिन सकिएन भने यस्ता लोकसांस्कृतिक छन्दहरूको संरक्षण गर्दा एक/दुई दशकपछि कतै ढिलो नभई हालोस् । तर सोच्ने वा विचार गर्ने कसले ? पहल कहाँबाट कसले गर्ने ? कुनै आर्थिक फाइदा वा तत्कालको लागि फेसबूके वाहवाही नपाइने यस्तो क्षेत्रमा समय, चिन्तन तथा मानसिकता लगानी गर्न, योजना बनाउन तथा अरूलाई पनि लाग्नुपर्छ भनेर किन कसैले विचार गरिदिने ?

लोकजीवन अझै पनि, थोरै मात्रामा भएपनि, प्रचलनमा रहेका बरमासाको आफ्नै लय छ, आफ्नै छन्द छ । आल्हाउदलको स्वरमा कुनै विरह गाउन सकिन्न । समधाओनको आफ्नै गाउने तरीका छ । चाँचर गाउनेले जुन शैली अपनाउँछन्, तिनमा अन्य कुनै लोकगीतको छन्द मेल खाँदैन। परातीको लयले पनि सन्देश दिएजस्तो अनुभूति हुन्छ । चेतना र स्फूर्ति दिने परातीको लयको संरक्षण कसरी गर्ने ? करीब लोप भइसकेको छ पराती। पहिले खेलिने झाराको मौलिक लय अब सायदै सुन्न पाइएला। लयमा कसले होला साहित्यिक रचना सिर्जन गर्न सिकाउने ? कहाँ होला यस प्रकारको सिकाइशाला ? कसरी सर्वसाधारणले यसलाई बचाएर राख्न सक्छन् ?

समाजमा अन्य विभिन्न किसिमका लोकसंस्कृति छन्, जसका आफ्नै गायनशैली छन्। तिनीहरूको पहिचान र गायनशैलीको आधारमा लेखनशैली तयार पार्नुपरेको छ । जसरी मुनामदन खण्डकाव्यले झ्याउरे लय वा छन्दलाई झन्डै अमरत्व प्रदान गरेको छ, त्यस्तै अन्य लोकलयमा पनि प्रयास नभएका होइनन् होला तर स्थापित हुन सकेको छैन। यसलाई नकारात्मकरूपमा लिनु नै भएन। वास्तवमा नेपालका विभिन्न भाषा तथा संस्कृतिमा प्रचलनमा रहेका अन्य लोकलय वा लोकछन्दलाई पहिचान गरेर तिनीहरूको कम्तीमा लेखाङ्कन गरिनु जरुरी छ । प्रज्ञा प्रतिष्ठान जस्ता संस्थाहरूले यस प्रकारको पहल गर्न सक्नुपर्छ । साहित्यिकार तथा लोकसाहित्यमा रुचि लिनेले यसबारेमा आफूले पनि सोचविचार गर्दै सम्भव भएसम्म अरूलाई पनि लेख्न प्रोत्साहित गर्नुपर्छ । लोकको सम्पदा भएकोले यसलाई जोगाउन सके भविष्यमा समाजलाई यसैमार्फत योगदान दिन सजिलो हुन्छ।

लोकलयले केहीलाई पहिचान र सम्मान पनि दिएको छ तर यसको महत्त्व बुझ्न नसक्दा कतिपयले अनुत्पादक क्षेत्र पनि मानेको छ । लोकसिर्जनाहरूलाई अनुत्पादकभन्दा पनि सामाजिक र सांस्कृतिक सम्पदा मान्नुपर्छ । यसको मौलिकतालाई दीर्घकालसम्म बचाउन तिनको लयको आधारमा लेख्न सक्ने बनाउनु आवश्यक छ।

## परीक्षाको महत्त्व

बुबा : बेटा, परीक्षा में केतना नमर आ सकता ?
सन्तान : ए प्लस, पापाजी।
बुबा : वाह बेटा ! जिय ! अग्रिम बधाई बा। ले हई रसभरी खा के मुह मीठ कर ले।
सन्तान : पापाजी, एगो रसभरी रउवो खा लि।

उपरोक्त संवादमा माध्यमिक शिक्षा परीक्षा (एसइई)को सम्भावित नतीजाबारे बुबाले छोरासँग चासो पोखेको देखिन्छ। छोराले 'ए प्लस' भन्यो । मनोवाञ्छित समाचार सुनेपछि अभिभावकलाई हर्ष हुने नै भयो । यस्तो अवस्थामा हर्षित अभिभावकले खुशीको सास फेर्नु, सन्तानलाई अग्रिम बधाई दिनु र हातमा मिठाइको डब्बा थमाउनु स्वाभाविकै हो। अनि सन्तानले अभिभावकको मुख मीठो पार्ने सुखद पक्ष खासै आश्चर्यको विषय होइन।

खोतल्दै जाँदा उपरोक्त संवादको पृष्ठभूमिमा एउटा स्वाभाविक र अर्को अस्वाभाविक गरी दुई प्रकारका रहस्य समाहित छन्। प्रणालीले निर्दिष्ट गरेको दायरामा दिइने/लिइने परीक्षा र नतीजाले स्वाभाविक खुशी प्रदान गर्छ। र त्यो समाजको लागि उदाहरणीय बन्छ। त्यसैगरी, अस्वाभाविक खुशी भन्नाले परीक्षामा अनियमितता गरी सोबाट प्राप्त गरेको परिणाम हो, जुन विद्यार्थी र अभिभावकलाई बाहेक अरूलाई यो रहस्य थाहा हुने कुरा होइन। गलत क्रियाकलाप मानिसले कहिल्यै सार्वजनिक नहोस् भन्ने चाहन्छ । यद्यपि मार्ग विचलित विद्यार्थीलाई प्रोत्साहनसँगै कर्मबोध गराउने दायित्व पनि समाजकै हो।

माथिको संवादको दोस्रो पाटोमा जाऔं । किनभने औषधि बिरामीलाई आवश्यक पर्छ। स्वस्थ व्यक्तिलाई सामान्य परामर्श नै काफी हुन्छ । सन्तानले 'ए प्लस' आउने भनेपछि अभिभावकको लागि यो उत्तर अपेक्षाकृत थियो । किनभने बुबालाई पहिलेदेखि सन्तान अब्बल हुने रहस्य ज्ञात थियो । त्यस कारण उनी बजारबाट रसभरी लिंदै आएका थिए। अभिभावक स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि हुन् । उनैले परीक्षा केन्द्रमा चाँजोपाँजो मिलाइदिएका रहेछन् । त्यस कारण परीक्षार्थीभन्दा बढी उत्सुक अभिभावक थिए। परीक्षा सम्पन्न भइसकेपछि अभिभावकको मनमा एउटै छटपटी छ । नतीजा कहिले आउला ?

सन्तानको सुख–समृद्धिको कल्पनामा हराउने ती अभिभावक आफ्नै विगतमा विलीन भएछन् । उनको मस्तिष्कमा फिल्मको रिलझैं चल्न थालेको उक्त विगत यस प्रकार छ।

एएलसीको नतीजा प्रकाशित हुने समय थियो । अनुत्तीर्ण हुने सम्भावना प्रबल थियो। अनिष्टको आशङ्कामा एक दिनअगावै हजामसँग शरीरको मालिस गराइसकेका थिए। शब्दकोशमा कहिल्यै नभेटिने शब्दहरू कानले सुन्नुपर्ने सम्भावना त्यत्तिकै थियो। अभिभावकको दुर्वचन सुन्न कान तयार थियो। प्रत्येक विषयमा ३२ अङ्कको लागि ३३ करोड देवीदेवताहरूको सहारा लिनुको विकल्प थिएन। एकमुस्ट सवा रुपैयाँको लड्डु अर्पण गरे । परीक्षा दिइसकेपछि र नतीजा प्रकाशित नहुन्जेल, मन्दिरको चक्कर काट्ने प्रक्रिया दिनचर्यामा समावेश थियो । ईश्वरमाथि अगाध श्रद्धाभाव देखेर छिमेकीहरू चकित थिए। बाटो हिंड्दा उनीहरू भोज खाने उत्सुकताले भरिपूर्ण भएर अनुहार नियाल्थे।

एकातर्फ अनुत्तीर्ण हुने तनाव थियो नै, अर्कोतर्फ समकक्षीहरूको सफल हुने सम्भावनाले तनाव बढेको बढ्यै थियो।


सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com


एक्लै अपमान सहने वा उनीहरूको साथ गुमाउने चाहना त पटक्कै थिएन। आफू अनुत्तीर्ण र साथीहरू उत्तीर्ण भए बाटो बदलिने डरसँगै केटी साथीहरूबाट अलग हुने डर पनि थियो। किनभने कक्षाकोठामा दिनुपर्ने समय केटीहरूलाई प्रभावित पार्नको लागि रेस्टुरेन्ट, पार्क र गल्लीहरूमा लगानी भएको थियो।

फिल्मी शैलीमा अनेकौं झटको खेतीले एकाधजना केटीहरूको तर्फबाट सकारात्मक सङ्केत आएको थियो । यो सोचेर उसको आत्मा काप्यो । आफू अनुत्तीर्ण भए के होला ? तर उसलाई भविष्यको होइन, प्रेमको भविष्यको चिन्ता बढी थियो । समग्रमा भन्नुपर्दा बुबाको हातबाट शरीरको हड्डी बचाउने र प्रेमिकाको हृदय छियाछिया हुनबाट जोगाउने सम्पूर्ण अभिभारा एसएलसीको नतीजामा निहित थियो। यसैबीच नतीजा आयो।

पत्रिकापसलमा उच्च भीड थियो । अभिभावकले चौथो श्रेणीबाट खोज्न भने। उसले अभिभावकतर्फ रिसाएर हेऱ्यो। अनि तेस्रो श्रेणीबाट खोज्न शुरू गऱ्यो । तलदेखि माथिसम्म पटकपटक खोजे पनि रोल नम्बर भेटिएन। प्रथम र दोस्रो श्रेणीमा खोज्ने हिम्मतै थिएन। अन्ततः अभिभावकले सोधे, "पिटाइ कहाँ खाने ? सडक, गल्ली कि घरमा ?" सन्तानले इच्छा जाहेर गर्नुअघि फोनको घण्टी बज्यो । साथीले उत्तीर्ण भएको जानकारी दियो। उसको खुशीको सीमा थिएन । बुबा पनि औंधी खुशी भए । पछि उसको उत्तीर्ण हुनुलाई त्यस क्षेत्रमा ठूलो आध्यात्मिक घटना मानियो । भगवान्लाई नमान्नेहरू मान्न थाले, र जो भगवान्मा विश्वास गर्थे, उनीहरूले ऊ उत्तीर्ण भएको खबर सुनेर भगवान्लाई मान्न छाडिदिए।

यसपालि एसइई चलिरहँदा प्रश्नपत्र र अनियमितताजन्य खबर नबाहिरिएको विरलै कुनै दिन थियो । परीक्षाको मर्मविपरीत हर्कत जहाँसुकै र जोसुकैबाट भए तापनि सोको निन्दा गर्नैपर्छ। प्रश्नपत्र बाहिरिनु वा परीक्षामा अनियमितता हुनु अत्यन्तै गम्भीर विषय हो। अतः तलदेखि माथिसम्म विराजमान नियामकहरू प्रश्नचिह्नको दायरामा नआउने कुरै भएन।

विद्यार्थीहरूको मार्ग विचलित पार्ने कारणहरूमध्ये (१) आधुनिक जीवनशैली (२) सामाजिक सञ्जाल (३) विद्यालय र (४) अभिभावकहरू हुन् भन्ने लाग्छ । आधुनिक वातावरणमा विद्यार्थीहरूको चासो पढाइभन्दा बढी सामाजिक सञ्जालमा केन्द्रित छ । त्यसैगरी, परीक्षाको बेला शतप्रतिशत उत्तीर्ण र अब्बल श्रेणीको लागि विद्यालयले चाँजोपाँजो मिलाउने हर्कत छँदैछ । त्यसैगरी, अभिभावकजनको हर्कत पनि सराहनीय भन्न सकिंदैन।

युवा मस्तिष्कमा स्थापित नजीर जीवनपर्यन्त रहिरहन्छ। यसको अर्थ सबै विद्यार्थी, अभिभावक र विद्यालय विचलित छन् भन्ने होइन। "हुने बिरुवाको चिल्लो पात" भनेझैं समाजमा उदाहरणीय विद्यालय, विद्यार्थी र अभिभावकहरूको कमी छैन। विद्यार्थी जीवन भन्नाले आफूले आफैंलाई सपार्ने शुभ समय हो। त्यसैगरी, परीक्षाले आफ्नो योग्यतासँगै कमीकमजोरी अनुभूत गरी स्वयंलाई दिशानिर्देश गर्ने र सुधार गर्ने विधि हो। त्यस कारण परीक्षामा अनियमितता गरी प्राप्त नतीजा र सोबाट उत्पन्न हुने हर्ष तत्कालीन हो, दीर्घकालीन हुँदै होइन।

माथि उल्लिखित कथाका ती सज्जनको घरमा गुनासो नपुगेको कुनै दिन थिएन। सन्तान घरमा हुँदा मोबाइल र बाहिर निस्किंदा बहाना गरी मोटरसाइकल लिएर हिंड्थ्यो। सवारी चालक अनुमतिपत्र नभएको त्यो सन्तानले ८० को भन्दा बढी गतिमा मोटरसाइकल हुइँकाउँथ्यो, कम गतिमा उसलाई मजा आउँदैनथ्यो। फेरि उसले चलाएको मोटरसाइकलमा तीनजनाभन्दा कम सवार हुने कुरै थिएन । उसले नयाँ मोटरसाइकलको साइलेन्सर झिकिदिएको थियो । त्यस कारण मोटरसाइकल चलाउँदा ठूलो आवाजले वृद्धवृद्धा, महिला, बालबालिका र उच्च रक्तचापका बिरामी त्रासले सडकमा लड्थे। अनि ऊ मख्ख पर्थ्यो। यसरी उसलाई औंधी आनन्दको अनुभूति हुन्थ्यो।

मोटरसाइकल चलाउँदै सडकमा केटीहरूलाई जिस्क्याएको आरोपमा ऊ कयौंपटक प्रहरी खोरमा पुगेको थियो। तर अभिभावक जनप्रतिनिधि भएकै कारण शक्ति र पहुँचको आधारमा केही घण्टामैं थुनामुक्त हुन्थ्यो। अनि उसलाई बुबाको शक्तिमाथि गर्व हुन्थ्यो । अभिभावक सन्तानको भविष्य उज्ज्वल पार्ने दिशामा स्वयम् अग्रसर थियो । सत्तामा छँदै करार सेवामा नै भएपनि सन्तानलाई जसरी पनि सरकारी जागीरमा लगाउने धोको थियो। त्यस कारण साम, दाम, दण्ड र भेद आदि कुनै पनि प्रक्रियाले सन्तानलाई उत्तीर्ण भएको हेर्ने/सुन्ने अभिभावकको अभिलाषा थियो।

एक पालिका अन्तर्गतका विद्यालयहरूको परीक्षा केन्द्र अर्को पालिकाका विद्यालयमा तोकिन्छ। यसो गर्नुको मुख्य उद्देश्य भनेको पारदर्शी र अनियमिततारहित परीक्षाको परिकल्पना हो। परीक्षा अनियमितताशून्य, मर्यादित र अनुशासित हुनैपर्छ। परीक्षाको मर्यादा उल्लङ्घन गरी परीक्षार्थीले जतिसुकै उच्च ग्रेड हासिल गरेको भएपनि सोको कुनै अर्थ हुँदैन। किनभने आगामी शैक्षिक यात्रामा आफूसँग भएको योग्यता मात्र काम लाग्छ । चिटको भऱ्याङमा चढेर उक्लेको योग्यता कहिल्यै काम लाग्दैन। निष्ठा र परिश्रममा आधारित योग्यता जीवनपर्यन्त काम लाग्छ, जुन जीवन रहेसम्म नष्ट नहुने अमूल्य सम्पत्ति हो।

## हिमोफिलिया के हो ?

भर्खरै विश्व हिमोफिलिया दिवस मनाइयो। हिमोफिलिया र अन्य वंशानुगत ब्लिडिङ डिसअर्डरबारे जागरूकता बढाउन प्रत्येक वर्ष १७ अप्रिलका दिन वर्ल्ड हिमोफिलिया डे मनाइने गरिन्छ। यो दिवस सन् १९८९ मा वर्ल्ड फेडरेशन अफ हिमोफिलियाले शुरू गरेको थियो। प्रत्येक वर्ष यस दिनको लागि एउटा नारा दिइने गरिन्छ र यसपटकको नारा 'एक्सेस फर अल' राखिएको छ । हिमोफिलिया के हो, यसको लक्षण, कारण यस प्रकार छः

**हिमोफिलिया के हो ?** हिमोफिलिया रक्तस्रावसँग सम्बन्धित एउटा डिसअर्डर हो, जुन गम्भीर वा हलुका चोट लागेपछि रगत बग्न थालेपछि चाँडै रोकिंदैन। यो एउटा गम्भीर स्थिति हो र यसमा बढी रगत बगेपछि व्यक्तिको ज्यान पनि जान सक्छ। यस रक्त सम्बन्धित विकारमा ब्लड क्लोटिङ हुँदैन।

**हिमोफिलियाको प्रकारः** एउटा रिपोर्ट अनुसार हिमोफिलिया दुई प्रकारको हुन्छ, हिमोफिलिया ए र हिमोफिलिया बी। हिमोफिलिया एको



सबैभन्दा बढी सामान्य प्रकार हुन्छ । यो क्लोटिङ फ्याक्टर ८ को कमीको कारण हुन्छ। त्यस्तै हिमोफिलिया बी बढी कमन हुँदैन। हिमोफिलियाबाट ग्रस्त लगभग २० प्रतिशत मान्छेमा हिमोफिलिया बी हुन्छ । हिमोफिलिया बीमा क्लोटिङ फ्याक्टर ९ को कमी हुन्छ।

**हिमोफिलियाको वाहकः** हिमोफिलियाको वाहक त्यस्ता महिला हुन्छन्, जसमा हिमोफिलिया जीन वहन गर्ने असामान्य एक्स गुणसूत्र हुन्छ। उसको दुई एक्स गुणसूत्रमध्ये एउटामा कारक ८ वा कारक ९ जीनको उत्परिवर्तन हुन्छ, जसको परिणामस्वरूप क्रमशः क्लोटिङ फ्याक्टर ८ वा ९ को स्तरमा कमी आउँछ। अधिकांश वाहक महिलामा हिमोफिलिया हुँदा रक्तस्रावको कुनै लक्षण देखिंदैन तर कारक ८ वा कारक ९ गतिविधिको निम्न स्तर भएको केही मान्छेलाई सर्जरीको समय रक्तस्रावको समस्या भोग्नुपर्छ । अन्य लक्षण जस्तै महीनावारीमा बढी रक्तस्राव हुनु, शरीरमा नीलो धब्बा लाग्नेजस्ता हुन सक्छ।

**हिमोफिलियाको लक्षणः** मायोक्लिनिक डट ओआरजीमा प्रकाशित रिपोर्ट अनुसार हिमोफिलियाको लक्षण क्लोटिङको स्तरको आधारमा भिन्दाभिन्दै हुन्छ। यदि तपाईंको क्लोटिङ फैक्टर स्तर हलुका कम छ, भने सर्जरी

(बाँकी चौथो पातामा)

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा मतदान शुरू

नयाँ दिल्ली, ७ वैशाख/सिन्हवा

शुक्रवारदेखि शुरू भएको भारतको आम निर्वाचनमा झन्डै एक अर्ब मतदाताले भारतीय जनता पार्टी (भाजपा) का वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीको तेस्रो कार्यकालको लागि निर्णय गर्नेछन्।

उनी भारतका अधिकांश क्षेत्रमा गहिरो जरा गाडेको प्रमुख विपक्षी दल भारतीय राष्ट्रिय काङ्ग्रेसको नेतृत्वमा रहेको भारतीय राष्ट्रिय विकास समावेशी गठबन्धन (इन्डिया) नामक करीब दुई दर्जन विपक्षी दलहरूको गठबन्धनको चुनौतीको सामना गरिरहेका छन्।

भारतीय संसद्मा दुई सदन (लोकसभा वा जनताको सभा र राज्य सभा वा राज्यपरिषद्) रहेका छन्। आगामी निर्वाचनमा लोकसभाका ५४५ सिटमध्ये ५४३ सिटका लागि मतदान हुने र बाँकी दुई राष्ट्रपतिले मनोनयन गर्नेछन्।

लोकसभाका लागि प्रत्येक पाँच वर्षमा निर्वाचन हुन्छ। पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत मतदाताहरूले एक उम्मेदवारलाई भोट दिन्छन् र सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारले चुनाव जित्छ। बहुमत सिट जित्ने दल वा गठबन्धनले सरकार बनाउँछ।

विश्वको सबैभन्दा धेरै जनसङ्ख्या भएको देशमा मतदान गर्नका लागि ९६ करोडभन्दा बढी मतदाता १० लाखभन्दा बढी मतदान केन्द्रमा मतदान गर्न योग्य रहेको अधिकारीहरूले बताएका छन्। निर्वाचनका लागि करीब एक करोड ५० लाख मतदान अधिकृत र सुरक्षाकर्मी खटाइने छन्।



उत्तरपूर्वी आसामको जोरहत जिल्लाको बहोना गाउँमा मत दिन लामबद्ध महिलाहरू।

जून १ सम्म सात चरणमा हुने निर्वाचनको नतीजा जून ४ मा सार्वजनिक हुनेछ। निर्वाचनसँग जोडिएको खर्च निकै ठूलो छ। दिल्लीस्थित 'सेन्टर फर मिडिया स्टडिज'का अनुसार २०१९ को आम चुनावमा आठ अर्ब ६० करोड अमेरिकी डलर खर्च भएको र यस वर्षको लागत १४ अर्ब ४० करोड अमेरिकी डलर नाघ्ने अनुमान गरिएको छ।

मोदी सन् २०१४ मा प्रधानमन्त्री निर्वाचित भएका थिए भने सन् २०१९ मा पुनः निर्वाचित भएका थिए। भाजपाले क्रमशः २८२ र ३०० तीन सीट प्राप्त गर्दै दुवै निर्वाचनमा ठूलो अन्तरले जितेको थियो। भाजपा र उसका सहयोगीहरूले आगामी चुनावमा चार सयभन्दा बढी सिट जित्ने लक्ष्य राखेका छन्।

विगत एक दशकमा भारतको आर्थिक उपलब्धि भए पनि केही सञ्चारमाध्यम र विज्ञहरूले वास्तविक आर्थिक कार्यसम्पादन सरकारले दाबी गरेजस्तो राम्रो नभएको र विकासका फाइदाहरू समाजका तल्लो तहसम्म पुग्न नसकेको विश्वास गरेका छन्।

सन् २०१४ मा मोदी सरकारले प्रस्ताव गरेको 'मेक इन इन्डिया' पहलले भारतको आर्थिक वृद्धिमा उत्पादन क्षेत्रको योगदानलाई सन् २०१५ मा १६ प्रतिशतबाट सन् २०२२ सम्म २५ प्रतिशतमा पुऱ्याउने लक्ष्य राखेको थियो। तर यो वास्तवमा १३ प्रतिशतमा झरेको छ।

यसले देशमा लगातार उच्च बेरोजगारी दर निम्त्याएको छ। हिन्दुस्तान टाइम्सका अनुसार 'लोकनीति-सेन्टर फर द स्टडी अफ डेभलपिङ सोसाइटिज' द्वारा गरिएको प्रि-पोल सर्वेक्षणले १० हजार १९ उत्तरदातामध्ये आधाभन्दा बढीले मूल्यवृद्धि र जागीर अभाव भएकोमा चिन्ता व्यक्त गरेका छन्।

भारतीय किसानहरूले बालीनालीको न्यूनतम मूल्य ग्यारेन्टी गर्ने, किसानको पेन्सन र ऋण माफीलगायतका कानूनको माग गर्दै विगत महीनादेखि विरोध प्रदर्शन गरिरहेका छन्।

प्रमुख प्रतिपक्षी भारतीय राष्ट्रिय काङ्ग्रेसले भारतीय इतिहासमा लामो समयसम्म सत्तामा रहँदा पनि सन् २०१४ को आम निर्वाचनमा राहुल गाँधीलाई प्रधानमन्त्रीको उम्मेदवार बनाएर भाजपाविरुद्ध ठूलो हार बेहोरेको थियो। सन् २०२३ मा २६ विपक्षी दलहरूले 'इन्डिया' गठबन्धन बनाएका छन्।

भारतमा आम आदमी पार्टी (आप) का अध्यक्ष तथा दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई मार्चमा सङ्घीय सरकारको वित्तीय अपराध एजेन्सीले (इडी) भ्रष्टाचारको आरोपमा पक्राउ गरेको थियो। उनले आफ्नो गिरफ्तारी राजनीतिप्रेरित भएको बताएका छन्। भाजपाले उक्त आरोप अस्वीकार गरेको छ।

इडीले विगतका वर्षमा धेरै विपक्षी दलका नेताहरूलाई जेल हालेको र सोधपुछ गरेको छ। उनीहरूविरुद्ध सङ्घीय एजेन्सीहरूले मुद्दा दायर गरेका छन्। यसबाट विपक्षी दल र नागरिक समूहको विरोधलाई उत्प्रेरित गरेको छ। मार्चमा काङ्ग्रेस पार्टीले सङ्घीय सरकारले चुनावका लागि आफ्नो कोष कटौती गर्न कर विभागको प्रयोग गरेको आरोप लगाएको थियो। रासस

## इजरायलले इरानमा हमला गऱ्यो -अमेरिकी सञ्चारमाध्यम

तेहरान, ७ वैशाख/एएफपी

इरानको सरकारी सञ्चारमाध्यमले शुक्रवार मध्य प्रान्त इस्फहानमा विस्फोट भएको बताएको छ। अमेरिकी सञ्चारमाध्यमले भने अधिकारीहरूलाई उद्धृत गर्दै इजरायलले आफ्नो कट्टर प्रतिद्वन्द्वीमाथि जवाफी आक्रमण गरेको बताएको छ।

सरकारी सञ्चारमाध्यमका अनुसार धेरै इरानी शहरमा हवाई रक्षा प्रणाली सक्रिय बनाइएको छ। मुलुकको आधिकारिक प्रसारकले इस्फहान शहर नजीक विस्फोटको आवाज सुनिएको बताएको छ।

सप्ताहन्तमा इरानले इजरायलमाथि सयौं मिसाइल र ड्रोन प्रहार गरेपछि इजराइलले जवाफी आक्रमण गर्ने चेतावनी दिएको थियो। इरानको अधिकांश ड्रोन तथा मिसाइल आक्रमण नाकाम पारिएको थियो।

इरानको फार्स समाचार समितिले कहजावरेस्तान, इस्फहान विमानस्थल र शेखरी सेनाको विमानस्थल नजीक 'तीनवटा विस्फोट' सुनिएको बताएको छ। इरानको अन्तरिक्ष एजेन्सीका प्रवक्ता होसेन डेलिरियनले "धेरै ड्रोन 'सफलतापूर्वक खसालिएको' बताए। "मिसाइल आक्रमणको कुनै रिपोर्ट गरिएको छैन"-उनले सामाजिक सञ्जाल एक्समा भने।

आधिकारिक आइआरएनए समाचार समितिले भनेको छ-"कुनै पनि हवाई खतराको प्रभावले कुनै ठूलो क्षति वा ठूलो विस्फोट नभएको रिपोर्टहरूले सङ्केत गरेका छन्।" इरानको तस्निम समाचार समितिले इस्फहानमा आणविक केन्दंहरू 'पूर्णरूपमा सुरक्षित रहेको' रिपोर्ट गरिएको बताएको छ।

एबिसी र सिबिएस न्युजले अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै इजरायलले आक्रमण गरेको बताएका छन्। ह्वाइट हाउस वा पेन्टागनका तर्फबाट तत्काल कुनै टिप्पणी आएको छैन। सिएनएनले एक अधिकारीलाई उद्धृत गर्दै इजरायली आक्रमणको लक्ष्य आणविक नभएको बताएको छ। इजरायली सेनाले एएफपीलाई भनेको छ-"हामीसँग अहिले कुनै टिप्पणी छैन।"

सप्ताहान्तमा इरानले इजरायलमाथि पहिले प्रत्यक्ष आक्रमण गरेको थियो। इजरायलले आफ्ना सहयोगीहरूको मदतले इरानले प्रहार गरेका तीन सय मिसाइल र ड्रोनमध्ये अधिकांशलाई रोकेको र कसैको मृत्यु नभएको बताएको छ।

सन् २०११ मा सिरियामा गृहयुद्ध शुरू भएपछि इरान समर्थित समूहहरूले राष्ट्रपति बशर अल-असदको सेनालाई बलियो बनाएका छन्। इरान प्यालेस्टिनी लडाकू समूह हमास र लेबनानको हिजबुल्लाहको पनि मुख्य समर्थक हो।

इजरायलमाथि इरानको आक्रमणपछि गाजा युद्धबाट ठूलो क्षेत्रीय प्रभाव पर्ने आशङ्का बढेको छ। अक्टोबर ७ मा आक्रमण गरेर युद्ध शुरू गर्ने हमासलाई निमिटयान्न पार्ने वाचा गरेका इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले इजरायलले इरानविरुद्ध 'आफ्नो सुरक्षा गर्ने अधिकार सुरक्षित राखेको' बताएका छन्।

इजरायलको प्रमुख सहयोगी तथा सैन्य आपूर्तिकर्ता अमेरिकाले इरानमाथि प्रतिशोधात्मक आक्रमणमा सहभागी नहुने स्पष्ट गरेको छ। यद्यपि उसले इरानी आक्रमणमा परिचालन गरिएका ड्रोनको उत्पादनमा संलग्न मानिस र संस्थाहरूविरुद्ध प्रतिबन्ध लगाउने घोषणा गरेको छ।

युरोपेली सङ्घ (इयु) ले इरानको ड्रोन कार्यक्रममाथि प्रतिबन्ध लगाउने बताएपछि अमेरिकी राष्ट्रपति जो बाइडेनले प्रतिबन्धको घोषणा गर्दै भने-"हामी इरानलाई जवाफदेह बनाउँदै छौं।"

इरानका विदेशमन्त्री होसेन अमिर-अब्दुल्लाहियानले चेतावनी दिँदै इरानमाथि कुनै पनि आक्रमणका लागि इजरायलले 'पश्चात्ताप' गर्ने बताए। इरानमा यी विस्फोट सर्वोच्च नेता आयातुल्लाह अली खमेनीको ८५औं जन्मदिनका अवसरमा भएको छ।

शुक्रवार इरानका धेरै क्षेत्रमा उडानहरू निलम्बित गरिएको छ। युएईस्थित फ्लाई दुबई एयरलाइनले इरानका लागि उडानहरू रद्द गरेको छ।

आइआरएनएले भनेको छ-"इरानको हवाई रक्षालाई मुलुकका धेरै प्रान्तको आकाशमा सक्रिय बनाइएको छ।" मेहर समाचार समितिले भनेको छ-"तेहरान, इस्फहान र शिराजका लागि उडानहरू र पश्चिम, उत्तरपश्चिम तथा दक्षिणपश्चिममा विमानस्थलहरू निलम्बन गरिएको छ।"

फ्लाइट-ट्र्याकिङ सफ्टवेयरले व्यावसायिक उडानहरू इस्फहानसहित पश्चिमी इरानबाट जोगिंदै उत्तर तथा पूर्वतिर तेहरान पार गर्दै गरेको देखाएको छ। रासस

# मौसम पूर्वानुमान चुस्त बनाउँदै विभाग

## प्रणाली मरम्मतका लागि विदेशी विज्ञको खोजी

प्रगति ढकाल/रासस

काठमाडौं, ७ वैशाख/

जल तथा मौसम विज्ञान विभाग अन्तर्गतको सुर्खेतस्थित राडार बिग्रेको करीब नौ वर्ष पुग्न लाग्यो। सन् २०१५ मा चट्याङका कारण बिग्रेपछि मौसमी बम्लर राडार बिग्रेको थियो। तर अहिलेसम्म विज्ञको अभावमा मरम्मत हुन नसकेको विभागले जनाएको छ।

विभागका अनुसार हाल नेपालमा तीन स्थानमा मौसमसम्बन्धी जानकारी दिने राडार छन्। तीमध्ये सुर्खेतको राडार बिग्रेपछि हाल दुई मात्र सञ्चालनमा छन्। विभागका महानिर्देशक डा जगदीश्वर कर्माचार्यले उक्त राडार मरम्मतका लागि बोलपत्र आह्वान भए पनि विज्ञ अहिलेसम्म भेटिएको छैन। "पहिले एकपटक बोलपत्र आह्वान गरेका थियौं तर कसैको आवेदन परेन, अहिले फेरि बोलपत्र खुलाउने तयारी छ"-उनले भने।

उनका अनुसार नेपाली विज्ञले मरम्मत गर्न नसकेपछि विदेशी विज्ञको खोजी भइरहेको छ। "यसपटक केही शर्त परिवर्तन गरेर बोलपत्र आह्वान गर्ने तयारी भइरहेको छ"-उनले भने। उनका अनुसार राडार मरम्मत गर्न रु १९ करोड लाग्ने अनुमान गरिएको छ। राडार मरम्मतका लागि छनोट भएको विज्ञ समूहले कम्तीमा साढे दुई वर्षसम्म जिम्मा लिनुपर्ने हुन्छ। उनले भने-"यी राडारले दुई सय किलोमिटरमाथिसम्मको हावाको गति थाहा पाउने र पानी पर्छ कि पर्दैन ? भन्ने पूर्वानुमान गर्न सहज हुनुका साथै वायुमण्डलको हावामा हिउँको मात्रा थाहा पाउन सहज हुन्छ।"

त्यति मात्र होइन, चट्याङ पूर्वानुमान गर्न सहज गर्ने माध्यम 'लाइटिङ नेटवर्क स्टेशन' पनि बिग्रेको अवस्थामा छ। त्यसको मरम्मतका लागि विदेशी विज्ञकै आवश्यकता पर्ने उनको भनाइ छ। कर्माचार्यका अनुसार हाल नेपालमा यस्ता स्टेशन नौवटा छन्। "यी स्टेशनले २० मिनेट अघि कुन स्थानमा चट्याङ पर्दैछ भन्ने कुरा जानकारी दिन्छन्। साथै चट्याङसम्बन्धी पूर्वसूचना प्रवाह गरेर जनताको जीउ धनको सुरक्षा गर्न सहयोग पुग्छ"-उनले भने-"तर यसको पनि एकीकृत प्रणालीमा समस्या आएपछि अहिले यो प्रणाली पनि चलेको छैन। जसले गर्दा हाल नेपालको आफ्नै चट्याङ्ग घटना पूर्वानुमान गर्ने यन्त्र नै सञ्चालनमा छैन।"

उक्त स्टेशन मरम्मत गर्न पनि विदेशी विज्ञविना सम्भव नहुने उनको भनाइ छ। यसका लागि रु दुई करोड लाग्ने कर्माचार्यको अनुमान छ।

स्वदेशी स्टेशन सञ्चालन नभएपछि छिमेकी मुलुकको सहयोग लिनुपर्ने अवस्था देखिएको उनले बताए। "नेपालमा चट्याङको अवस्था थाहा पाउन हामीले 'साउथ एशियन लाइटिङ नेटवर्कसँग' समन्वय गरिरहेका छौं। यस नेटवर्कमा नेपालको तर्फबाट श्रीराम शर्मा छन्। भारतीय मौसम विज्ञान विभाग र स्याटालाइटको सहायताबाट हाल चट्याङको जानकारी लिइरहेका छौं"-उनले भने-"हाम्रो प्रणाली सुधार नहुन्जेल यसैगरी चट्याङ्सम्बन्धी पूर्वानुमान गर्नेछौं। तर जतिसक्दो छिटो हामी प्रणाली सुधारमा लागिरहेका छौं।"

त्यति मात्र होइन मौसमी बेलुनमा समस्या देखिएको पनि धेरै भइसकेको छ। जल तथा मौसम विज्ञान विभाग र त्रिभुवन विश्वविद्यालय, जल तथा मौसम विज्ञान केन्द्रीय विभागको संयुक्त सहकार्यमा विसं २०७५ असार ६ गतेदेखि कीर्तिपुरबाट मौसमी बेलुन उडाइएको थियो। त्यस दिनदेखि बिहान ५:३० बजे नियमित यस्ता बेलुन उडाइने विभागले प्रतिबद्धता जनाएको थियो।

विश्व मौसम सङ्ठनका अनुसार मौसम तथ्याङ्क लिन दिनमा दुईपटक मौसमी बेलुन उडाउनुपर्छ। तर बजेट अभावले दिनमा एकपटक उडाउँदै आइएको मौसमी बेलुन हाल त्यो पनि उडाउन सकिएको छैन। "एकपटक बेलुन उडाउँदा दैनिक रु ५० हजारका दरले मासिक १५ लाख लागत लाग्छ। दुई पटक उडाएमा मासिक रु ३० लाख खर्च हुन्छ"-महानिर्देशक कर्माचार्यले भने-"बेलुनलगायत आवश्यक सामग्री किन्न दैनिक ५० हजार खर्च हुन्छ, किनभने एकपटक उडाइसकेको बेलुन पुनः काम लाग्दैन।"

उक्त बेलुन जमीनभन्दा २० किलोमिटर माथिसम्म पुग्छ। हाइड्रोजन ग्याँस भरिएका यस्ता बेलुन माथि बढ्दै जाँदा न्यून हावाको चापका कारण फुक्दै जाने र एउटा उचाइमा पुगेपछि फुट्छन्। "बेलुनमा जडित 'सेन्सर'ले नियमित रूपमा मौसमी तथ्याङ्क पठाउने गर्दछ"-उनले भने-"बेलुन झर्दा त्यसमा झुन्डयाइएको प्यारासुटका माध्यमबाट बिस्तारै झर्ने हुँदा जोखिम अत्यन्त कम हुन्छ।"

माथिल्लो वायुमण्डलको मौसमी सूचना मौसम पूर्वानुमानका लागि उपयोगी हुने र पूर्वानुमान अझ भरपर्दो हुने उनको भनाइ छ। यसो गर्दा वायुमण्डलको आद्रता, वायुको गति, दिशा थाहा हुँदा मौसम पूर्वानुमानमा सहयोग पुग्ने उनले बताए। वित्त स्रोतको अभावका कारण निरन्तर बेलुन उडाउन असहज भएको र अब यसलाई निरन्तरता दिने तयारी भइरहेको उनले जानकारी दिए। "हाल बेलुन सकिएकोले उडाउन सकिएको छैन"-कर्माचार्यले भने-"जेठदेखि फेरि उठाउनेगरी तयारी अगाडि बढाएका छौं। यो सञ्चालन नहुँदा माथिल्लोस्तरको वायुमण्डलको अवस्था थाहा नहुने र मौसम पूर्वानुमान गर्ने क्षमतामा ह्रास आउँछ।"

उक्त बेलुन धनगढीमा पनि राख्नेगरी छलफल अगाडि बढिरहेको उनले जानकारी दिए। उनका अनुसार यस विषयमा विश्व मौसम सङ्गठनसँग छलफल भइरहेको छ। विश्वको जलवायुको अवस्था थाहा पाउन नेपालको पनि तथ्याङ्क उत्तिकै महत्त्वपूर्ण हुन्छ।

"जनशक्तिको अभावमा यस्ता मनसुनजन्य विपत्तिको पूर्वसूचना प्रभावकारी हुन सकिरहेको छैन। यसकारण हामीले दरबन्दी संरचना पनि परिवर्तन गरेर अगाडि बढ्ने योजना बनाएका छौं"-उनले भने।

उनका अनुसार हिम स्वचालित केन्द्रको पनि विकास गर्ने योजना छ। "यसले हिमालको तापक्रमको अवस्था थाहा पाउन सहयोग गर्नेछ। उच्च हिमाली क्षेत्रमा २० स्थानमा केन्द्र स्थापना गर्न जरूरी छ। दुई स्थानमा जडान भएको छ"-उनले भने।

कर्माचार्यका अनुसार एउटा उपकरण जडानका लागि करीब रु ११ करोड खर्च हुन्छ। जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा पर्दै गइरहेको अवस्थामा यो थाहा पाउन हिम स्वचालित केन्द्र स्थापना गर्न आवश्यक रहेको बताउँछन्, जलवायुविद् तथा युएनडिपी नेपालका जलवायु विश्लेषक दीपक केसी।

"मौसमजन्य घटनाको पूर्वानुमान गर्ने स्टेशन पर्याप्त छैन, खासगरी उच्च हिमाली क्षेत्रमा धेरै कम छ"-उनले भने-"उच्च हिमाली भेगमा यस्ता स्टेशन जरूरी छन्। नेपालको जलवायुको मुद्दालाई पर्वतीय क्षेत्रसँग जोडेर बहस चलिरहँदा वैज्ञानिक प्रमाण अन्तर्राष्ट्रिय मञ्चमा पेश गर्नका लागि पनि हिमाली क्षेत्रमा मौसमी राडार जडान जरूरी छ।"

महानिर्देशक कर्माचार्यले त्यसका साथै अब आगामी एक सातासम्मको मौसम पूर्वानुमान गर्ने पनि तयारी भइरहेको बताए। हाल तीन दिनको मात्रै पूर्वानुमान हुने गरेकोमा त्यसलाई बढाएर सात दिन पुऱ्याउने तयारी भइरहेको उनको भनाइ छ। उनले भने-"हामीले विश्वव्यापी मोडल अनुसार अगाडि बढ्नुपर्ने भएकोले, प्राविधिक र वित्तीय स्रोतको अभाव भएकोले क्षेत्रीयस्तरमा सहकार्य गरेर अगाडि बढ्ने सोच बनाएका छौं।"

आवश्यकता अनुसार वित्तीय स्रोतको अभावका कारण नयाँ प्रणालीको विकास हुन नसकेको उनको भनाइ छ। कर्माचार्यले मौसम पूर्वानुमानका लागि अन्य विकसित प्रणाली उपयोग गर्ने विषयमा पनि छलफल चलिरहेको बताए।

विगतमा बाढीको पूर्वसूचना दिने गरिए पनि अन्य विपत्जन्य घटनाको पूर्वसूचना दिन नसकिएको भन्दै आगामी दिनमा त्यसको पनि तयारी भइरहेको उनले बताए। "हामीले बाढीसम्बन्धी पूर्वसूचना मात्र उपलब्ध गराउँदै आएका छौं। अबदेखि पहिरो, हिमपहिरो, लू, वन डढेलो, हावाहुरी, भारी वर्षा, चट्याङ, शीतलहरलगायत १२ किसिमका विपद्को पूर्वानुमान गरी एसएमएसमार्फत सन्देश प्रवाह गर्ने तयारी गरिरहेका छौं"-कर्माचार्यले भने। उनका अनुसार टेलिकम कम्पनी एनसेलले विभागसँग सहकार्य गरेर सन् २०१६ देखि बाढीको पूर्वसूचना प्रवाह गर्न निश्शुल्क एसएमएस सेवा दिंदै आएको छ।

यस अघि एनसेलसँग मात्रै यस प्रकारको सम्झौता भएकोमा अब नेपाल

(बाँकी दोस्रो पातामा)

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | धनलाभ | वृष | राज्यलाभ |
| मिथुन | राज्यभय | कर्कट | रोगभय |
| सिंह | व्यापारवृद्धि | कन्या | शत्रुभय |
| तुला | कार्यनाश | वृश्चिक | भयचिन्ता |
| धनु | मित्रमिलन | मकर | कान्तिक्षय |
| कुम्भ | सुयश | मीन | बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बुक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३७०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# दधीचिको स्मृतिसभामा गदबेरको समीक्षा

प्रस, परवानीपुर, ७ वैशाख/

भोजपुरी साहित्यका साधक स्व



उमाशङ्कर द्विवेदी 'दधीचि'को स्मृतिसभा शुक्रवार सम्पन्न भएको छ।

वीरगंज महानगर–२४ बहुअरीस्थित निवासमा दधीचिको प्रथम वार्षिकीको अवसरमा स्मृतिसभा सम्पन्न भएको हो। सभामा उनले भोजपुरी भाषा तथा साहित्यमा पुऱ्याएको योगदानबारे चर्चा गरिएको थियो।

कथाकार गणेश लाठले दधीचिले भोजपुरी साहित्यमा दिएको योगदानका कारण उनी सदा अविस्मरणीय रहने बताए। लेखक एवं शिक्षक प्रमोद पाण्डेले दधीचि भोजपुरी साहित्यमा भोजपुरी मौलिक शब्दको प्रयोगमा अग्रणी रहेको बताए। प्रधानाध्यापक एवं साहित्यकार विनोद मेहताले दधीचिको भोजपुरी भाषाको उपन्यास गदबेरको समीक्षा गरेका थिए।

कार्यक्रममा हरिनारायण मिश्र, प्रिया मिश्र, वीरबल तिवारी, अमोद गुप्तालगायतले दधीचिको भोजपुरी साहित्यमा योगदानको चर्चा गरे।

द्विवेदीका जेठा छोरा राधेश्याम द्विवेदीको अध्यक्षता एवं स्मिता पटेलको सहजीकरणमा सम्पन्न कार्यक्रममा दधीचिका चारवटा कृति बिदागिरी, चुरइन, हमर गाँवके लोग र गदबेर पुस्तक अध्ययन गर्दा हिजोको भोजपुरी र आजको भोजपुरी भाषामा आएको परिवर्तन र विकृतिबारेमा पत्ता लगाउन सकिने वक्ताहरूले बताएका थिए। वक्ताहरूले भोजपुरी साहित्यका एक चम्किला तारा साहित्यकार दधीचि सदैव अमर रहने बताए।

# अपराध रोक्न प्रहरी जिम्मेवार हुनुपर्छ –सप्रवउ पौडेल

प्रस, परवानीपुर, ७ वैशाख/

सशस्त्र प्रहरी बल छिन्नमस्ता वाहिनी बर्दिबासका सशस्त्र प्रहरी वरिष्ठ



उपरीक्षक माधव पौडेलले सशस्त्र प्रहरीले राज्यले तोकेको जिम्मेवारीलाई इमानदारिताका साथ निर्वहन गर्दै आएको बताएका छन्।

सशस्त्र प्रहरी बल नेपाल नं १३ गण हेक्वाटर, वीरगंजले १७औं स्थापना दिवसको अवसरमा शुक्रवार आयोजना गरेको कार्यक्रममा सप्रवउ पौडेलले सशस्त्र प्रहरीले सीमा सुरक्षाको मुख्य जिम्मेवारीलाई निर्वहन गर्नुका साथै राजस्व चुहावट नियन्त्रण, सामाजिक अपराध नियन्त्रण, विपत् उद्धार कार्यहरूका साथै सामाजिक उत्तरदायित्वका कामहरू इमानदारिताका साथ पूरा गर्दै आएको बताए।

उनले सीमा क्षेत्रमा बसोबास गर्ने जनतासँगको सम्बन्ध राम्रो बनाउनका लागि हालै सशस्त्र प्रहरीले मधेस प्रदेशका आठ जिल्लालाई लक्षित गरी पैदल यात्रामार्फत गस्ती गरेको बताए।

पर्साका सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालले सशस्त्र प्रहरीले जिल्लामा शान्ति सुव्यवस्था कायम गर्न जिम्मेवार भएर काम गर्दै आएको र अझै प्रभावकारी सेवाको लागि दत्तचित्त भएर लाग्न सुझाए। उनले पछिल्लो समय राजस्व चुहावट मुख्य चुनौतीको विषय भएकोले यसबारेमा सशस्त्र प्रहरी अझै गम्भीर हुनुपर्ने जरूरी रहेको बताए।

कार्यक्रममा सशस्त्र प्रहरी उपरीक्षक किसन कर्माचार्यले सशस्त्र प्रहरीले बर्ड (चरा)को अवधारणमा काम गरिरहेको बताए। बर्डको पहिलो अक्षर 'बी'बाट बोर्डर सेक्युरिटी अर्थात् सीमा सुरक्षा, 'आई'बाट इन्टरनल सेक्युरिटी अर्थात् आन्तरिक सुरक्षा, 'आर'बाट रेभेन्यू सेक्युरिटी (राजस्व चुहावट) र 'डी'बाट डिजास्टर म्यानेजमेन्ट (विपत् व्यवस्थापन)को क्षेत्रमा गम्भीर भएर लागिपरेको दाबी गरे।

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवाल, पूर्वअध्यक्ष सुबोध गुप्ता, ग्रीनसिटी सामुदायिक सेवा केन्द्र वीरगंजका अध्यक्ष जयप्रकाश खेतान, वीरगंज सामुदायिक आँखा सेवा केन्द्रका संयोजक महेशसिंह धामी, युवा उद्यमी अनुप अग्रवाल लगायतलाई सशस्त्र प्रहरीलाई सहयोग गरेबापत सम्मान गरिएको थियो।

# विद्यार्थीहरूको बिदाइ, शैक्षिक सामग्री वितरण

नरेश यादव, पर्सागढी, ७ वैशाख/

पर्सागढी नगरपालिका–३ स्थित जनता माध्यमिक विद्यालय पकडिया बडनिहारले शुक्रवार कार्यक्रम आयोजना गरी वार्षिक परीक्षामा सहभागी कक्षा १२ का विद्यार्थीहरूलाई बिदाइ गरेको छ।






विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामायण चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि नगरप्रमुख गोकर्ण पाठकले वार्षिक परीक्षामा सहभागी कक्षा १२ का विद्यार्थीहरूलाई बिदाइ गर्नुका साथै कक्षा १–१० सम्म वार्षिक परीक्षामा पहिलो, दोस्रो र तेस्रो भएका विद्यार्थीहरूलाई शैक्षिक सामग्री र कक्षा ११ र १२ का पहिलो, दोस्रो र तेस्रो समेस्टरमा उत्कृष्ट अङ्क ल्याएका विद्यार्थीहरूलाई शैक्षिक सामग्रीका साथै नगद प्रदान गरेका थिए।

उनले शिक्षा जीवनको ज्योति भएको र यसलाई जति ग्रहण गर्न सक्यो, मानिस त्यत्ति नै सफल हुने बताए। उनले उत्कृष्ट हुनेहरूलाई बधाई दिंदै उत्तीर्ण भएका विद्यार्थीहरूलाई आगामी दिनमा अझ बढी मेहनत गरेर उत्कृष्ट हुन सुझाए। सबैजना उत्कृष्ट हुने होडबाजीमा स्वस्थ प्रतिस्पर्धा गर्नुपर्छ, यसले मानिसमा परिवर्तन आउँछ, कुनै पनि अवस्थामा निराश नभएर आफ्नो कर्तव्य निर्वाह गर्न विद्यार्थीहरूलाई नगरप्रमुख पाठकले हौंस्याए। उनले नगरको शैक्षिक गतिविधिमा सुधार ल्याउने अभियानमा आफूहरू लागिपरेको बताउँदै शिक्षक, विद्यार्थीहरूलाई आइपरेका समस्याहरूबारे जानकारी गराएको खण्डमा सोको निराकरण गर्ने बताए।

कार्यक्रममा प्रअ मोहन चौधरी, प्राविधिक शिक्षा प्रमुख तपेश्वर यादव, स्थानीय समाजसेवी अर्जुन नेपाल, वडासदस्य सीता देवीलगायतको सहभागिता थियो। कार्यक्रममा स्वागत मन्तव्य सहायक प्रअ डिल्लीराम आचार्यले र सहजीकरण शिक्षक अमित चौधरीले गरेका थिए।

# खेलकूदको संसार

## युएई एसिसी प्रिमियर कपको फाइनलमा, नेपाल छ विकेटले पराजित

काठमाडौं, ७ वैशाख/रासस

एसिसी मेन्स प्रिमियर कप टी–२० क्रिकेट प्रतियोगिता अन्तर्गत शुक्रवार भएको पहिलो सेमिफाइनल खेलमा नेपाल संयुक्त अरब इमिरेट्स (युएई)सँग छ विकेटले पराजित भएको छ। जीतसँगै युएई फाइनलमा प्रवेश गरेको छ।



ओमानको अल अमरात क्रिकेट मैदानमा भएको आजको खेलमा जीतका लागि नेपालले प्रस्तुत गरेको १२० रनको लक्ष्य युएईले १७ दशमलव दुई ओभरमा चार विकेटको क्षतिमा पूरा गऱ्यो। उसका लागि अलिसान शराफूले अर्धशतकीय पारी खेले। उनले ४१ बलमा दुई छक्का र चार चौकाको सहयोगमा ५५ रन बनाए।

साथै विष्णु सुकुमरनले २८, सइद हैदरले १४, मुहम्मद वासिमले ११, आसिफ खानले १० रनको योगदान दिए। नेपालका लागि गुलशन झाले दुई तथा सोमपाल कामी र ललित राजवंशीले एक/एक विकेट लिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालको ब्याटिङ कमजोर रह्यो। नेपालले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा जम्मा ११९ बनाउन सक्यो।

पारीको पहिलो बलमा ओपनर कुशल भुर्तेललाई गुमाएको नेपालले दोस्रो विकेटका रूपमा ओपनर आशिफ शेखलाई व्यक्तिगत आठ रनमा गुमायो।

त्यसपछि सन्दीप जोराले अर्धशतकीय पारी खेल्दै खेल अगाडि बढाउने प्रयास गरे पनि अन्य ब्याटरले साथ दिन सकेनन्। जोराले ४० बलमा दुई छक्का र चार चौकाको सहयोगमा ५० रन बनाए। गुलशन झाले २० रन र करण केसीले १७ रन बनाए भने अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन्।

कप्तान रोहितकुमार पौडेल १८ बलमा जम्मा पाँच रन बनाएर आउट भए। कुशल मल्लले तीन, दीपेन्द्र सिंह ऐरीले पाँच, सोमपाल कामीले दुई रन मात्रै बनाउन सके। अविनाश बोहोराले एक र ललित राजवंशीले दुई रन बनाए।

नेपाललाई सस्तैमा समेट्ने क्रममा युएईका लागि जुनैद सिद्दिकी, अली नासिर र बासिल हमिदले दुई/दुई विकेट लिए भने ओमिद साफी रहमान, आयान अफजल खान र मुहम्मद फारुखले एक/एक विकेट लिए।

नेपाल समूह 'ए'को विजेताको रूपमा सेमिफाइलमा पुगेको हो भने युएई समूह 'बी'को उपविजेताका रूपमा सेमिफाइनल प्रवेश गरेको थियो।

समूह चरणको खेलमा नेपालले सबै चार खेलमा जीत हात पारेको थियो। नेपालले मलेशियालाई पाँच विकेट, कतारलाई ३२ रन, हङकङलाई आठ विकेट र साउदी अरेबियालाई छ विकेटले पराजित गरेको थियो।

त्यसैगरी, युएईले कुवेतलाई सात विकेट, बहराइनलाई ३७ र कम्बोडियालाई नौ विकेटले हराएको थियो भने ओमानसँग नौ विकेटको पराजित भएको थियो।

## प्रथम प्रधानसेनापति ह्विलचियर बास्केटबल प्रतियोगिता सम्पन्न

काठमाडौं, ७ वैशाख/रासस

नेपाली सेनाको आयोजनामा प्रथम प्रधानसेनापति ह्विलचियर बास्केटबल प्रतियोगिता शुक्रवार सम्पन्न भएको छ।

सेनाको आयोजनामा सैनिक पुनर्स्थापना केन्द्र भण्डारखालमा आज आयोजित प्रतियोगितामा पुरुषतर्फ सशस्त्र प्रहरी बल ह्विलचियर क्लब प्रथम र महिलातर्फ ह्विलचियर स्पोर्ट्स एशोसिएशन प्रथम भएका छन्।




पुरुषतर्फ त्रिभुवन आर्मी क्लब दोस्रो भयो भने महिलातर्फ स्पाइनल कर्ड इन्जुरी नेटवर्कले दोस्रो स्थान हासिल गरेको छ।

यसैगरी, पुरुषतर्फ नै स्पाइनल कर्ड इन्जुरी नेटवर्क तेस्रो भयो। महिलातर्फ जावलाखेल ह्विलचियर स्पोर्ट्स क्लबले तेस्रो स्थान प्राप्त गरेको छ।

प्रतियोगिताको प्रथम टोलीलाई जनही रु २० हजार नगद, मेडल, शिल्ड र प्रमाणपत्र, दोस्रो टोलीलाई जनही रु १५ हजार नगद, मेडल, शिल्ड र प्रमाणपत्र र तेस्रो टोलीलाई जनही रु १० हजार नगद, मेडल, शिल्ड र प्रमाणपत्र प्रदान गरिएको छ।

उक्त प्रतियोगितामा विजेता टोलीलाई नेपाली सेनाका बलाधिकृत रथी अशोकराज सिग्देलले पुरस्कार वितरण गरेका थिए। सेनाले अपाङ्गता भएकालाई हौसला प्रदान गर्न पहिलोपटक उक्त प्रतियोगिता आयोजना गरेको बलाधिकृत रथी सिग्देलले बताए।

प्रतियोगितामा पुरुषतर्फ छ र महिलातर्फ छ टोलीको सहभागिता थियो। सहभागी टोलीलाई हौसला प्रदान गर्नका लागि जनही रु पाँच हजार नगद प्रदान गरिएको छ। कार्यक्रममा अपाङ्गता भएका खेलाडीले सांस्कृतिक प्रस्तुति पनि प्रदर्शन गरेका थिए।

# ३२ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ७ वैशाख/



सिटिजन बैंकको वार्षिकोत्सवको अवसरमा शुक्रवार रक्तदान र आँखा परीक्षण गरिएको छ।

बैंकमा आयोजित रक्तदान कार्यक्रममा पाँचजना महिलासहित ३२ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।

उनले सुभद्रा पाठक, सिद्धार्थ पोद्दार, सङ्गीता दास, रोहनी आचार्य, दीपु गुप्ता, भगवती सिग्देल, विक्की सिंह, अर्पणा श्रेष्ठ, नितेश खड्गी, नन्दनी साहलगायतले रक्तदान गरेको बताए।

यसैगरी, किरण आँखा अस्पतालको सहयोगमा निश्शुल्क आँखा परीक्षण शिविर सञ्चालन गरिएको थियो। शिविरमा २० जना महिलासहित ६५ जनाको आँखा परीक्षण गरिएको थियो। शिविरमा नेत्र विशेषज्ञ नेहा साह र पूजा साहले आँखा परीक्षण गरेका थिए।

# हात्तीपाइलेसम्बन्धी सञ्चारकर्मीसँग अन्तर्क्रिया

प्रस, रौतहट, ७ वैशाख/

हात्तीपाइले रोग निवारण कार्यक्रम औषधिसेवन अभियानसम्बन्धी शुक्रवार सञ्चारकर्मीहरूसँग अन्तर्क्रिया सम्पन्न भएको छ।

स्वास्थ्य कार्यालयको तालीम हलमा फोकल पर्सन हरेन्द्र गुप्ताले हात्तीपाइले रोगबारेमा सहभागी सञ्चारकर्मीहरूलाई जानकारी गराएका थिए। उनले अहिले ३३ देशमा सङ्क्रमणविरुद्ध अभियान चलिरहेको बताउँदै विश्वभर १६ लाख मानिसको हात्तीपाइले रोगबाट अङ्गभङ्ग हुने गरेको तथ्याङ्क प्रस्तुत गरेका थिए।

उनले रौतहटमा सातपटक हात्तीपाइलेविरुद्ध औषधि खुवाउने अभियान सम्पन्न भएको तर रोग निर्मूल हुन नसकेको बताए। अहिले आठौंपटक औषधि खुवाउने अभियान रहेको र यही वैशाख १६ गतेदेखि अभियान शुरू हुने बताए। उनले हात्तिपाइले रोगविरुद्धको औषधि आफूले पनि सेवन गर्ने र अरूलाई पनि सेवन गर्न उत्प्रेरित गर्न आग्रह गरे। फोकल पर्सन गुप्ताले हात्तीपाइले रोगविरुद्धको औषधि दुई वर्षमाथिका बालबालिकादेखि सबै उमेर समूहका मानिसहरूले सेवन गर्नुपर्ने बताए।

कार्यक्रममा प्रादेशिक अस्पताल गौरका डा गोपाल गुप्ताले यो औषधि दुई वर्षमुनिका बालबालिका, गर्भवती, सुत्केरी महिला, सिकिस्त बिरामी, छारेरोग लागेका व्यक्तिले सेवन गर्न नहुने बताए। उनले लामखुट्टेको टोकाइबाट हात्तीपाइले रोग लाग्ने गरेको बताउँदै यो सरुवा रोग भएकोले रोग लाग्न नदिन औषधिसेवन एकमात्र विकल्प भएको बताए।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ रौतहटका अध्यक्ष प्रेमचन्द्र झाले पत्रकारहरूले यसबारेमा समाजलाई जानकारी गराउने प्रतिबद्धता जाहेर गरे।